वर्ष : १३, अंक : ४५, काठमाडौं, २०७४ फागुन १६ गते बुधबार 28 February 2018, Wednesday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

हार्दिक शुभकामना

हिन्दूहरूको पर्व होलीको शुभ अवसरमा समस्त पाठकवर्ग, विज्ञानदाता तथा शुभचिन्तकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मधेशवाणी

परिवार

नोट : होली पर्वका कारण यो अंक दुई दिन अगाडि प्रकाशित भएको छ। आगामी अंक नियमित बारमै प्रकाशित हुने जानकारी गराउँदछौं। – सम्पादक

## राजपाका नेताले सांसद्लाई शपथ ग्रहण गराउने



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता तथा सर्लाही क्षेत्र नं २ बाट निर्वाचित ८० वर्षीय ज्येष्ठ सदस्य महेन्द्र राय यादवले प्रतिनिधिसभाका सदस्यलाई शपथ गराउने भएका छन् । उनी प्रतिनिधिसभाका सदस्यमध्ये जेष्ठ सदस्य हुन् । ज्येष्ठ सदस्य यादवलाई प्रतिनिधिसभाको पहिलो बैठकको अध्यक्षता गर्ने अवसर प्राप्त भएको हो । सघीय संसद्का नवनिर्वाचित सदस्यको यही फागुन २० गते आइतबार शपथ हुने भएको छ । संघीय संसद् सचिवालयका अनुसार, प्रतिनिधिसभा सदस्यले अपराह्न ४ शपथ गर्नेछन् । प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित १६५ र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित ११० सदस्य रहेको प्रतिनिधिसभा संघीय संसद्को तल्लो सदनका रूपमा रहेको छ ।

## फोरमसँग सहमति हुँदै

काठमाडौं । संघीय समाजवादी फोरम नेपाल केन्द्रीय सरकारमा जाने चर्चा चलिरहेकै बेला उसले एमाले र नेकपा माओवादी केन्द्रसँग सरकारमा सहभागिताबारे छलफल गरेको छ । फोरमलाई सरकारमा सहभागी गराउने र संविधान संशोधन गर्ने विषयमा वाम गठबन्धन र फोरमका दोस्रो तहका नेताबीच छलफल भएको हो । फोरमले सरकारमा जान संशोधनको शर्त अघि सारेपछि दुई पक्षबीच वार्ता भएको हो । फोरमको सरकारमा सहभागी, संविधान संशोधन लगायत विषयमा तीन दलबीच कुराकानी भएको छ । एमाले नेता सुभाषचन्द्र नेम्वाङका अनुसार एमाले-माओवादी जायज मुद्दामा संविधान संशोधन गर्न र फोरम सरकारमा आउन तयार भएको र सम्भवत: शुक्रबार सहमति हुनेछ । दुबै पक्षबीच लिखित सहमतिका लागि दोस्रो वरियताका नेताले छलफल गरेर ड्राफ्ट तयार पार्ने छ । 'संविधान संशोधनका लागि वाम गठबन्धन तयार देखिएको छ । हामी चाँडै टुंगोमा पुग्छौं,' फोरम नेता राजेन्द्र श्रेष्ठले बताए ।

## अनशन बस्ने मुख्यमन्त्रीको चेतावनी



जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउतले केन्द्रीय सरकारको असहयोगका विरूद्धमा अनशन बस्ने चेतावनी दिएका छन् । प्रदेश सरकारको काममा केन्द्रीय सरकारले अवरोध गरिरहेको भन्दै उनले आन्दोलन गर्न बाध्य हुने बताए । मुलुक संघीयतामा गए पनि केन्द्र सरकारको सोच र शैली पुरानै रहेको मुख्यमन्त्री राउतले गुनासो गरे ।

गरिबी निवारण कोषले जनकपुरमा गरेको अन्तरक्रियामा बोल्दै मुख्यमन्त्री राउतले भने, 'केन्द्र सरकारको सोच र शैलीमा परिवर्तन आउनु जरूरी छ । पुरानै व्यवहार गरिरहे हामी आन्दोलनमा जान्छौं ।' केन्द्रीय सरकार मातहत रहेको कर्मचारी र प्रहरी-प्रशासनले असहयोग गरिरहेको भन्दै मुख्यमन्त्री राउतले प्रधानमन्त्री केपी ओलीलाई पत्र समेत लेखेका थिए । उनले भने, 'मुलुक प्रधानमन्त्रीले नै चलाउने भए, मुख्यमन्त्री किन चाहियो ?' मुख्यमन्त्री राउतले कानुन बनाएर प्रहरी-प्रशासनलाई प्रदेशको मातहातमा ल्याउने प्रयास गर्ने बताए । केन्द्र सरकारले बनाउने योजनाहरू भूगोलको आधारमा मात्र नभई जनसंख्या तथा आवश्यकताको आधारमा बनाउनु पर्ने उनको माग छ ।

## सुशासनका लागि ११ बुँदे प्रतिबद्धतापत्र

जनकपुर । सुशासन कायम गर्नका लागि प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले ११ बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् । मुख्यमन्त्री राउतले मुख्यमन्त्री निवासमा आयोजना गरेको पत्रकार सम्मेलनमा प्रदेश २ मा सुशासन कायम गर्नका लागि ११ बुँदे प्रतिबद्धतापत्र जारी गरेका हुन । प्रतिबद्धतापत्रमा प्रदेशभित्र पूर्ण रूपमा सुशासन कायम गरिने, भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता अपनाइने, नीतिगतरूपमा गरिने भ्रष्टाचार स्वीकार्य नहुने, प्रदेशको दैनिक प्रशासनमा ढिलासुस्ती सहन गर्न नसकिने, प्रदेशका सेवाग्राही जनतालाई सरकारी कर्मचारीको २४ घण्टाभित्र काम पूरा गर्नुपर्ने, सेवाग्राहीको हितलाई ध्यानमा राखेर प्रदेश मुख्यमन्त्रीको कार्यालय मातहत 'हेलो प्रदेश' डेस्क स्थापना गरिने, त्यसका लागि नि:शुल्क टेलिफोन सेवा पछि सार्वजनिक गरिने, प्रदेशको कर्मचारीले राष्ट्रसेवक कर्मचारी भनेको जनताको सेवक हो भन्ने सन्देश जनतामा प्रवाहित गर्ने उल्लेख गरिएको छ ।

प्रतिबद्धता पत्रमा इमेल cmprovince2@gmail.com लगायत अन्य विद्युतीय माध्यमबाट समेत जनताले आफ्ना गुनासा सिधै मुख्यमन्त्री कार्यालयमा टिपाउन सक्ने र इमेलबाट प्राप्त जनताका गुनासामा तत्काल कारबाही गरिने तथा गुनासा उपर कारबाही भए/नभएको जानकारी उजुरीकर्तालाई दिइने, 'जनतासंग मुख्यमन्त्री' भन्ने जनतासँग प्रत्यक्ष संवाद हुने खालका कार्यक्रमका लागि सञ्चार माध्यम प्रयोग गरी सञ्चालन गरिने, 'जनतासँग मुख्यमन्त्री' कार्यक्रम समेत मुख्यमन्त्रीको सुशासन कार्यक्रमकै एक पाटो हुने र जनताले सिधै आफ्ना गुनासा मुख्यमन्त्रीसँग राख्न पाउने बताइएको छ ।

### यसभित्र...

काँधमा काँध मिलाएर विकास गरौं : सत्यनारायण मण्डल
सत्यनारायण मण्डलको विचार, पृष्ठ २ मा

होलीबाट आत्मीयता बढाऔं
सम्पादकीय पृष्ठ २ मा

सर्वसत्तावादको खतरा रोक्न प्रदेश २ मा कांग्रेस विपक्षमा बस्यो : शोभाकर पराजुली
अन्तर्वार्ता पृष्ठ ३ मा

माधुर्यता र प्रेमभावका होली गीत लोप हुँदै पृष्ठ ४ मा

मिथिला चित्रकलाको भविष्य राम्रो छ पृष्ठ ५ मा

मुख्यमन्त्री राउत सरसफाई अभियानमा
पृष्ठ ८ मा

# विसर्जनवादको बाटोमा मधेशको राजनीति

## सत्तारोहणको कसरतमा मधेश मुद्दा ओझेलमा

**मधेशवाणी डेस्क**

काठमाडौं । २०७२ असोज ३ गते जारी भएको संविधानलाई सर्वस्वीकार्य बनाउन गरिएको संशोधनको असफल प्रयासका बाबजुद प्रमुख मधेशी दल तीनवटै निर्वाचनमा भाग लिएर आंशिक रूपमा संविधान स्वीकार गरेका छन् ।

संविधानमा उल्लेखित प्रदेशको सीमांकनसहित विभिन्न विषयमा असहमति राखेका मधेश केन्द्रित दलले अझै संविधानलाई पूर्ण स्विकारेका छैनन् । संविधानको मर्म अनुसार भएको स्थानीय तहको निर्वाचन प्रक्रियामा सहभागी भए पनि 'मधेश-थरूहटमा दुई प्रदेश हुनुपर्ने, नागरिकता प्रावधान सच्याउनुपर्ने, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र, राष्ट्रिय सभामा प्रतिनिधित्वलगायतका माग' मधेश केन्द्रित दलले छाडेका छैनन् । अन्तत: संविधान जारी भएको असोज ३ गतेलाई कालो दिवस मान्दै आएका मधेशकेन्द्रित दलको मागअनुसार संविधान संशोधनको पहल भए पनि सफल हुन सकेन ।

संविधान निर्माण प्रक्रियाप्रति असहमति जनाउँदै संविधान जारी हुनुपुर्व आन्दोलनमा रहेको तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बितेको दुई वर्षभरि आन्दोलनमै रह्यो । मधेश केन्द्रित दल एकातिर यही संविधानकै आधारमा भएको स्थानीय तहको चुनावमा सहभागी भए भने अर्कोतिर त्यहीं संविधान सशोधन नभई स्वीकार नमान्ने चेतावनी निर्वाचन पश्चात् पनि दिइरहेका छन् ।

संविधान निर्माणको बेलादेखि नै मधेशवादी दलले त्यसमा सीमाङ्कन, नागरिकता, भाषा, राष्ट्रिय सभाका प्रतिनिधित्व लगायतका माग समावेश गराउन दबाब शुरू गरेका थिए । संविधान जारी हुनुअघि आन्दोलनको क्रममा ४० जनाले ज्यान गुमाइसकेका थिए भने संविधान जारी पछि २० बढीले पनि ज्यान गुमाए ।



महन्थ ठाकुर



उपेन्द्र यादव

संविधान जारीपछि थुप्रै पटक सरकार परिवर्तन भइसकेको छ । संविधान जारी हुँदा सुशील कोइराला प्रधानमन्त्री थिए । त्यपछिको एमाले अध्यक्ष केपी ओली सरकार र मधेशकेन्द्रित दलबीच ३६ पटकभन्दा बढी वार्ता भए पनि कुनै निष्कर्षमा पुग्न सकेन । ओलीले मधेशमा कुनै समस्या नरहेको, संविधानमा संशोधन गर्नुपर्ने आवश्यकता नरहेको अभिव्यक्ति दोहोऱ्याइरहँदा पछि मधेशी दलहरू झन् चिढिए ।

एमालेको असहयोगले सशोधन प्रस्ताव फेल भएपछि मधेशी दलहरू एमाले विरूद्ध आक्रोशित थिए तर उनै मधेशी दलहरू अहिले केपी ओली नेतृत्वको सरकारमा सहभागी हुन तम्तयार भएर बसेका छन् ।

**उपेन्द्रको गोप्य वार्ता**

फागुन ७ गते एमाले र नेकपा माओवादी केन्द्रबीच पार्टी एकीकरणको निर्णायक वार्ता चलिरहँदा संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव एमाले नेता अग्नि खरेलको गाडी चढेर सुटुक्क बालुवाटार छिरे । पार्टी एकताको आधार तयार पार्न निर्णायक बैठकमा दुई वामपन्थी दल जुटिरहेका बेला यादव किन बालुवाटार पुगेका थिए ? यादवको बालुवाटार प्रवेशलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

त्यसपछि नै फोरमको सरकारमा सहभागिताको सम्भावना बढेर गएको छ ।

यद्यपी त्यसअघि यादवले एमाले अध्यक्ष केपी शर्मा ओली लगायत शीर्ष नेताहरूसँग पटक-पटक छलफल गरे पनि ठोस सहमति बन्न सकेको थिएन ।

फोरमले संविधान संशोधनको मुद्दालाई सरकारमा सहभागिताका लागि मुख्य बुँदा बनाए पनि त्यो केवल नाटक मात्र भएको विश्लेषण पनि गरिन थालिएको छ ।

एमालेकै कारणले विगतमा संविधान संशोधन नभएको, एमालेकै कारण मधेशमा उपद्रव भएको, सप्तरीको मलेठ घटनामा एमालेको संलग्नता रहेको जस्ता आरोप स्वयं यादवसहित मधेशी नेताहरूले लगाए पनि अहिले कुन परिस्थितका कारण फोरम एमालेसँगको सत्तामा जान आतुर भएको छन् ?

वाम गठबन्धनले संविधान संशोधन आवश्यकताका आधारमा भन्दै आए पनि त्यसलाई आधार बनाए फोरम वाम गठबन्धनले नेतृत्व गरेको सरकारमा सामेल हुने समझदारी गर्नु मधेशको मुद्दालाई बिर्सजन गरेर सत्ताको लोभमा फस्नु नै हो ।

वाम गठबन्धनले राजपा वा संघीय फोरममध्ये एक दललाई सरकारमा ल्याउन चाहन्छ, र यो उसको राजनीतिक रणनीतिलाई स्वाभाविक पनि मान्न सकिन्छ । यसका पछाडि दुई नम्बर प्रदेशको विश्वास जित्ने ध्याउन्न र ओली सरकारको दीर्घकालीन हित मुख्य कारण देखिन्छ ।

एमालेका एक नेताका अनुसार मधेशको दुई घटकमध्ये एउटा पनि वाम गठबन्धनको सरकारमा आए दीर्घकालीन रूपले हेर्दा फाइदाजनक छ । एमाले मधेशविरोधी हो भन्ने ट्याग पखाल्नका लागि पनि एमाले फोरमको उपस्थिति सरकारमा चाहन्छ ।

प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा देशैभरि वाम गठबन्धनको लहर आउँदा पनि दुई नम्बर प्रदेशमा भने गठबन्धन रक्षात्मक देखियो । सातमध्ये ६ प्रदेशमा सरकार निर्माण गरे पनि दुई नम्बर प्रदेशको सरकार वामपन्थी दलबिना नै बनेको छ । यस्तो, अवस्थामा दुई नम्बर प्रदेशको विश्वास जित्न पनि वाम गठबन्धन राजपा र फोरमलाई सरकारमा ल्याउन चाहन्छ । दुवै दल सरकारमा आउने अवस्था नभए संघीय फोरमलाई मात्रै भए पनि सरकारमा ल्याउने गठबन्धनको प्रयास छ । राजपाको तुलनामा

*बाँकी पृष्ठ ८ मा*

## वाम गठबन्धन पनि प्रदेश सरकारमा जाने

काठमाडौं । केन्द्रमा वाम गठबन्धनको सरकारमा संघीय समाजवादी फोरमलाई ल्याउने कसरत जारी रहँदा प्रदेश २ मा फोरम-राजपाको गठबन्धन सरकारमा वाम गठबन्धनलाई ल्याउने तयारी सुरू भएको छ । केन्द्रीय सरकारमा संघीय फोरम सहभागी हुने विषयमा एमाले-फोरमबीच सैद्धान्तिक सहमति रहे पनि प्रदेश २ को सरकारमा वाम गठबन्धन पनि सहभागी हुने सम्भावना बनेको छ ।

प्रदेश २ मा राजपा भित्रको विवादले सरकार विस्तार हुन नसक्दा एमाले र नेकपा माओवादी केन्द्रको गठबन्धन प्रदेश सरकारमा जान लागेको हो । प्रदेश २ मा फोरमका विजय यादब अर्थमन्त्री छन् भने भौतिक योजनासहित राजपाको भागमा परेका मन्त्रालय जितेन्द्र सोनालले सम्हालिरहेका छन् । प्रदेशलाई आर्थिक रूपमा समृद्ध र विकसित बनाउन सबै पार्टीको सहकार्य आवश्यक रहेको एमाले स्थायी कमिटी सदस्य तथा प्रदेश २ का संसदीय दलका नेता सत्यनारायण मण्डलले बताए । मधेशवाणीसँगको कुराकानीमा उनले प्रदेश २ को समृद्धि र विकासका लागि वाम गठबन्धनसहितको सरकार बनाउने प्रयास भइरहेको बताए ।

### तथ्यांक आफै बोल्छ...

प्रदेश २, प्रदेशसभा

| क.सं. | राजनीतिक दल | प्रत्यक्ष | समानुपातिक | जम्मा |
|---|---|---|---|---|
| १. | संघीय समाजवादी फोरम नेपाल | २० | ९ | २९ |
| २. | राष्ट्रिय जनता पार्टी नेपाल | १५ | १० | २५ |
| ३. | नेकपा एमाले | १४ | ७ | २१ |
| ४. | नेपाली कांग्रेस | ८ | ११ | १९ |
| ५. | नेकपा माओवादी केन्द | ६ | ५ | ११ |
| ६. | स्वतन्त्र | १ | ० | १ |
| ७. | नेपाल संघीय समाजवादी पार्टी | ० | १ | १ |
| | जम्मा | ६४ | ४३ | १०७ |

नेपाल कम्युनिष्ट पार्टी (एमाले र माओवादी केन्द्र) : ३२

### समय-सन्दर्भ

संगीता रेग्मी



## रङ्गलाई राजनीतिक होइन, सद्भावमा बदलौं

**होली पर्वको पृष्ठभूमी अनेक धार्मिक मान्यता, मिथक, परम्परा र ऐतिहासिक घटनाहरू लुके पनि अन्तत: यस पर्वको उद्देश्य मानव-कल्याण नै हो।**

मानव इतिहासको आरम्भदेखि वसन्त ऋतुको आगमनको स्वागत गर्ने परम्परा रहँदै आएको छ । सद्भाव, प्रेम र हर्षोल्लासका साथ मनाइने चाड फागुवा अर्थात् होली वसन्त ऋतुको आगमनसँगै घरआँगनमा भित्रिसकेको छ । होली वसन्त ऋतु आएको जानकारी दिने पर्व हो । यो रंगहरूको सम्मिश्रणमा खेलिने पर्व हो ।

नेपालको पहाडभन्दा तराईमा यो पर्व रमाइलोका साथ मनाइन्छ । तराईबासीहरू एकजुट भई ढोल बजाउँदै अबिर, रंग छर्दै घरघर गएर रंग लगाइ आफूभन्दा ठूलाको आशीर्वाद लिने गर्छन् । यतिमात्र होइन होली गीत गाउँदै नटुवालाई नचाउँदै घर जाने, मालपुवा खाने गर्छन् । तर, परम्परामा विस्तारै परिवर्तन आउन थालेको छ ।

*'कई हाथ के धोती पहिरेई, कई हाथ के लपेटा,*

*कई धार के पानी पिए, कई बाप के बेटा.......!*

*जोगिरा .... सरर..... सरररररर.. !!!'*

माथिका यी हरफ मिथिलामा होलीको समयमा सबैभन्दा बढी गाइने लोकगीत हो र यसले होली आएको संकेत पनि गर्छ ।

मिथिला क्षेत्रमा रंगहरूको पर्व होलीको समयमा गाइने यस्ता गीतको झझल्को दिने गरेको छ तर दिनदिनै प्रत्येक रात डम्फु बजाएर समूहमा गाइने जोगिरा क्रमश: मिथिला क्षेत्रबाट हराउँदै जान थालेको छ ।

बढ्दै गएको आधुनिकता र पुराना पुस्ताको विस्थापनसँगै नयाँ पुस्ताले चासो नराख्दा मिथिला क्षेत्रमा जोगिराको प्रचलन लोप हुने अवस्थामा पुगेको छ । आपसी सद्भाव, भातृत्व र उमगंको प्रतीक मानिने फागु पर्वमा गाईने जोगिरा मार्फत हाँसो-ठट्टा, प्रेमयुक्त भावहरू प्रतिबिम्वित हुने गर्छ । जीवनका तीता अतित बिर्साउने रंगको महिमा एकसाथ सुन्न पाइने जोगिरा लोप हुँदै गएपछि मिथिला क्षेत्रमा होलीको रौनक घटेको छ ।

**प्रतीकात्मक पर्व**

होली सामाजिक सद्भावको पर्व हो । यसले सांस्कृतिक सामीप्यतालाई वृद्धि गर्छ र मानिसहरूलाई समान धरातलमा ल्याउँछ । नेपालको प्राय: सबै क्षेत्रमा मनाइने यो पर्वले पहाड, हिमाल तथा मधेशलाई भावनात्मक रूपमा जोडिरहेको छ ।

हरेक चाडपर्वको सांस्कृतिक एवम् भौगोलिक, सांस्कृतिक सीमाहरू हुन्छन् । यिनमा एउटै समानता भनेको सबै चाडले सद्भाव कायम गर्न सहयोग पुऱ्याउनु नै हो ।

होलीले सबै वर्ग, लिंग तथा उमेरकामा रोचकता भर्छ । सबै रंगको, सबैतिरको एउटै विशेषता के हो भने तिनीहरूको 'प्रतीकात्मकता' एउटै हुन्छ । जसरी पहाडले रातो रंगलाई विजयको प्रतीक मान्छ भने तराईले पनि त्यही मान्छ ।

सांस्कृतिक रूपमा हेर्ने हो भने पनि थोरै चाडपर्वमध्ये होली तराई र पहाडलाई दरिलोसँग जोड्ने एउटा पर्व हो । होलीमा भेदभाव हुँदैन । गरिबले पनि रंगकै होली खेल्छ, धनीले पनि त्यसैले खेल्ने हो । उमेरले पनि होली खेल्न रोक्दैन । यसले पहाडमा जन्मिइ-हुर्किएको र तराईमा हुर्किएको भनेर पनि छुट्याउँदैन । त्यहाँ लिंगको असमानता पनि हुँदैन । अझ रोचक कुरा त के छ भने मुस्लिम समुदायका मानिसहरू रंग खेल्न रूचाउँदैन, तर उनीहरू पनि सामूहिक रूपमा होलीमा सामेल हुन्छन् र हिन्दूहरूसँगै प्रेम र सद्भाव बाँडिरहेका पाइन्छन् ।

होली जस्तो पवित्र पर्वको सम्बन्धमा सुप्रसिद्ध मुस्लिम पर्यटक अलबरूनीले आफ्नो ऐतिहासिक यात्रा संस्मरणमा 'होलिकोत्सव'को वर्णन गरेका हुन । भारतका अनेक मुस्लिम कविले पनि आफ्नो रचनाहरूमा यसलाई यसरी

*बाँकी पृष्ठ ८ मा*



## सम्पादकीय



# होलीबाट आत्मीयता बढाऔं

फागुपर्व घर घरमा प्रवेश गरिसकेको छ । फागु वा होली खेल्ने परम्परा प्राचीनकालदेखि नै नेपाली संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेको पाइन्छ । शिशिर ऋतुको जाडो र तुषारोले कठ्याङ्ग्रिएर नैराश्य भएकालाई वसन्त ऋतुको आगमनले ल्याउने खुसीको प्रफुल्लित क्षण र मुद्दा होलीको उल्लासमय वातावरणमा प्रस्फुटित हुन्छ । मनोरम प्राकृतिक छटा वातावरणमा फागु वा होली नेपाली संस्कृतिमा रङ्गको पर्व भएर सबै नरनारीबीच उमङ्ग र उच्छवास बाँड्दै आउँछ । आपसी सद्भावबीच गरिने मनोरञ्जन मानव जीवनलाई स्वस्थ राख्न अति आवश्यक हुन्छ । यसले जीवनप्रति उत्साह र सकारात्मक भावना जगाउँछ । फागुपर्वको अनेकौं पौराणिक प्रसङ्ग छन् । प्रथमतः शक्तिमत्त सम्राट हिरण्यकशिपु उनको छोरा विष्णुभक्त प्रल्हाद शिवजीबाट आगोको रापले डढाउन नसक्ने वरदान प्राप्त प्रल्हादकी फुपू होलीकाको प्रसङ्ग आउँछ । इश्वरीय शक्तिको महिमा तथा सत्यको जित र खराब प्रवृत्तिको पराजयको प्रतीकका रूपमा आगोले होलिका घटना भव्य भई प्रल्हाद सकुसल रहेको पछि गएर उत्सवको रूपमा होली खेल्ने परम्परामा परिणत हुन गएको मानिन्छ ।

एउटा पौराणिक प्रसङ्ग सत्य युगका पृथराजाको शासनकालसँग सम्बन्धित छ भने अर्को प्रसङ्गमा द्वापर युगमा पुतना राक्षसनीले धेरै बालबालिकालाई आफ्नो विषयुक्त दूध चुसाइ मार्ने गरेकी र कृष्णलाई समेत त्यसरी नै मार्न लाग्दा भगवान् कृष्णले पुतनाको प्राणवायु चुसेर मारिदिँदा गोकुलवासीले साक्षसीलाई डढाइ खरानी बनाएको र त्यसको खुसीयाली मनाउन होली खेल्ने परम्परा चलेको मान्यता पनि छ । कतिपय विद्वानले चाहिँ प्रेमका साक्षात् स्वरूप कृष्ण र गोपिनीहरूको प्रेम प्रदर्शन गर्न होली उत्सव मनाइएको उल्लेख गरेका छन् ।

> असत्य माथि सत्यको जितको उत्सवका रूपमा मनाइने होली पर्वमा जोगिरा सररको गीति भाकासँगै मधेश सौहार्दपूर्ण रूपमा फागु खेलिरहेका छन् ।

मधेशमा यसलाई विशेष पर्वको रूपमा लिन्छन् र शालीन तरिकाले भव्यरूपमा मनाउने गर्छन् । पुरूष वर्ग चौबाटो तथा चौतारामा र महिलाको समूह सफा रङ्ग पानी प्रशन्त मात्रामा जम्मा गरिएको कुनै ठूलो घरमा जात वर्गको भेदभाव नगरी खुलारूपमा होली खेलिँदा पिचकारीले रङ्गपानी छेपेर सन्तोष नलिई बाल्टिन तथा गाग्रीले शिरदेखि पाउँसम्म भिज्ने गरी खेल्छन् । उनीहरू खुला हृदयले बाह्य स्पर्श, भाष, लवज, रतिगान तथा सम्मान आदरमा कुनै नियन्त्रण नराखी बिहानदेखि अपरान्हसम्म मस्तसँग खेलेर समिति समय सकिएपछि सफा पानीले नुहाइ सफा कपडालाई मनोरञ्जनात्मक क्षणमा स्पर्श गरिएका बोलिएका शब्दको कुनै ख्या इर्ष्या नगरी आ-आफ्नो मान्यजनका ढोगभेटर इच्छित खाना, मिष्ठान आदि खाई खुवाई अर्को साल कुनै घरमा पुनः जम्मा हुने बाचा गरी आ-आफ्ना घर फर्कन्छ ।

'जोगिरा सरररर'' जस्ता सुमधुर होलीका गीतहरू अहिले मधेशका विभिन्न स्थानहरूमा गुन्जिरहेको छ । श्रीपञ्चमीबाट नै होलीको रौनक र जोगिरा खेल्ने क्रम सुरू हुने गरेकोमा यस वर्ष साता अगाडिदेखि मात्र रौनक सुरू भएको हो । असत्य माथि सत्यको जितको उत्सवका रूपमा मनाइने होली पर्वमा जोगिरा सररको गीति भाकासँगै मधेश सौहार्दपूर्ण रूपमा फागु खेलिरहेका छन् । वर्षभरिको मनमुटाव होली पर्वमा रङ र अबिर लगाएसँगै समाप्त भई आपसी सद्भाव अझ प्रगाढ हुने विश्वाससहित यस पर्वलाई निकै महत्वका साथ मनाउने गरिन्छ । आफू भन्दा ठूलाबडालाई खुट्टामा अबिर हालेर ढोग्ने चलन पनि रहेको छ भने सानोलाई निधारमा अबिर वा रंग लागाएर सद्भाव देखाउने चलन रहेको छ ।

यस क्षेत्रमा मनाइने होली पर्वमा होरिया गीतले अझ उमंग थप्ने काम गर्छ । होली जसरी मनाए पनि 'विजय त्यसको हुन्छ, जो धर्ममा रहन्छ, धर्म त्यो हो जो सत्यमा आश्रित छ' भन्ने फागुपर्वको मुख्य आशय सबैले बुझ्न आवश्यक छ । असत्यमाथि सत्यको विजयका रूपमा होलीको सन्देशलाई लिने हो भने आफूले पनि यसलाई व्यवहारका उतारेर देखाउन सक्नु पर्ने आवश्यकता छ । प्रेम अनि सद्भावसित जोडिएको होलीमा आध्यात्मिकताको अनौठो रूप भेटिन्छ, जसलाई सुरक्षित राख्न सक्नु वर्तमान पुस्ताको जिम्मेबारी पनि हुन जान्छ ।

यसैलाई असत्यमाथि सत्यको विजय अर्थात साधुजनको रक्षा र दुर्जनको संहारका द्योतकका रूपमा लिन सकिन्छ । जातपात, धनी गरीब जस्ता भावनालाई मेटाई आपसी सद्भाव अनि भ्रातृत्वको सन्देश प्रवाह गर्ने यस पर्वको महत्ता जोगाई राख्न सके भावि पुस्ताका लागि पनि यो अनुकरणीय बन्न सक्ने छ ।

## साताको सात बात



जनताको समृद्धिको चाहना पूरा गर्न दुई ठूला कम्युनिष्ट पार्टीबीच एकता हुन लागेको हो । पार्टी एकीकरणपछि देशमा विकास र समृद्धिले फड्को मार्ने छ । हामी एकीकरणको अन्तिम तयारीमा छौं । **माधव कुमार नेपाल, नेता, नेकपा एमाले**



मुलुकको लागि जनताको हितमा काम गर्नु सबैभन्दा ठूलो कुरा हो । एमाले र माओवादी केन्द्रको वाम गठबन्धनलाई कम्युनिष्ट गठबन्धन होईन अवसवादी गठबन्धन हो । **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



मधेशी, जनजाति, मुश्लिमलगायतका विभेदमा परेकाहरूको हक अधिकारका मैले आफूले २०६४ सालमा कांग्रेस पार्टी परित्याग गरेर मधशी दलमा गएको गएको थिएँ । **विजयकुमार गच्छदार, नेता, नेपाली कांग्रेस**



फोरम केन्द्र सरकारमा जान्छ भने गठबन्धनको औचित्य रहने छैन । उनीहरू सरकारमा गए भने हामी प्रदेश नम्बर २ मा विचार गर्न बाध्य हुन्छौं । मधेशका लागि कुनै पनि सम्झौता राजपाको उपस्थितिबिना हुन्छ भने त्यो हाम्रो लागि मान्य हुँदैन । **राजकिशोर यादव, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



प्रदेश ४ अन्य प्रदेशभन्दा स्रोत, साधन र मानव संसोधनमा धनी छ, उद्योग कलकारखाना कम भएकाले आन्तरिक आय बढाउने चुनौती छ । **पृथ्वी सुब्बा गुरूङ, मुख्यमन्त्री, प्रदेश ४**



नयाँ पूर्वाधार नयाँ संरचना खडा गर्दै जाने र विकास तथा समृद्धिका प्रतिबद्धतालाई पूर्ण गर्ने दायित्व प्रदेश सरकारको काँधमा आएको छ । प्रदेश नं. १ लाई नमुना प्रदेश बनाउन आगामी पाँच वर्षको कार्ययोजना तयार गर्दैछौं । **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**



आगामी दिनमा नेपाल-भारत द्विपक्षीय सम्बन्ध विकास र समृद्धिमा बढी केन्द्रित हुन्छ, भारत नेपालमा विकास भएको हेर्न आतुर छ, केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बनेको छ, यो सरकारले देश र जनताको हितमा काम गरोस् । **भगतसिंह कोशियारी, नेपाल-भारत प्रबुद्ध समूहका भारत तर्फका संयोजक**

# काँधमा काँध मिलाएर प्रदेश २ को विकास गरौं



**सत्यनारायण मण्डल**

> हामी विकासमा एक भएर बन्द भएका कारखानाहरू सञ्चालन गरौं । त्यसमा हाम्रो पूर्ण सहयोग हुनेछ । नयाँ औद्योगिक वातावरण तयार गर्नका लागि कस्तो सहयोग आवश्यक पर्छ त्यस किसिमको सहयोग गर्न हामी तयार छौं ।

**प्रदेश नं. २** मा मधेशी दलको सरकार बन्नु स्वभाविक कुरा हो । जनताको जे अभिमत छ, जनताले जस्तो जनादेश दिएको छ, त्यसै अनुसार प्रादेशिक सरकारब बनेको हो । एमालेले यसलाई स्वागत गर्दछ ।

प्रदेश २मा मधेशी दलको सरकार बने पनि हाम्रो भूमिका एकदम रचनात्मक रहन्छ । प्रदेश नं. २ आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक हिसाबले पिछडिएको क्षेत्र हो । प्रदेशमा अहिलेसम्म सरकारले पूर्णता पाएको छैन त्यसैले अबको सरकारले यस प्रदेशको समृद्धिका लागि के कस्तो कार्यक्रम ल्याउँदै छन्, त्यो हेर्नु पर्छ । प्रदेश नं. २, जो गरिबिको रेखामुनी छ, सामाजिक, सांस्कृतिक रूपमा पनि विभेदमा छन्, ती सबै सरकारको प्राथमिकतामा पर्छ कि पर्दैन ? आशा छ, उत्पीडित जनताका मागलाई ध्यानमा राखेर सरकारले कार्यक्रम ल्याउने छ । सरकारका तर्फबाट प्रभावकारी कार्यक्रम आइ सकेपछि मात्र हाम्रो सहयोग विरोध वा समर्थन गर्छौं तर सरकारप्रति हामी रचनात्मक नै रहन्छौं । हामी लडाई झगडा गरेर होइन, काँधमा काँध मिलाएर प्रदेश नं. २ को विकास गर्न चाहन्छौं ।

यद्यपी अहिलेसम्म त हामीले प्रादेशिक सरकारसँग सहकार्य गर्ने भन्ने बारेमा सोचेका छैनौं तर भोलीका दिनमा परिस्थिति त्यस्तै आइहाल्यो भने हामी सहकार्य पनि गर्न सक्छौं तर अहिले हामी रचनात्मक सहयोग गर्नेछौं ।

मधेशी गठबन्धनमा आवद्ध दलहरूले चुनावका समयमा घोषणापत्रमार्फत गरेका प्रतिबद्धता बिर्सनुहुन्न । हाम्रो प्रदेशको चुनौती भन्नु नै अहिले भएको मानवसूचचांक हेर्दा देशभरीकै दोस्रो स्थानमा छ । यो समस्या साझा हो । कृषि, शिक्षा, स्वास्थ्य, यातायात, पर्यटन, उद्योग आदि क्षेत्रमा राम्रा योजना ल्याइयो भने त्यसमा हामी पूर्ण सहयोग गर्नेछौं ।

प्रदेशको पहिलो बैठकले शहिद परिवारका एक सदस्यलाई रोजगारी दिने भन्ने जुन निर्णय गरेको त्यसलाई गलत भन्न मिल्दैन तर निर्णय भएका विषय कति कार्यान्वयनमा आउँछ त्यो हेर्न बाँकी नै छ । मधेशी नेताहरूले नै आन्दोलनको घोषणा गर्दा सोझा सादा जनताले ज्यान फाल्नु पर्‍यो । ती पीडित परिवारको एउटा सदस्यलाई रोजगारीको व्यवस्था गरिदिनुलाई म त्यति अस्वभाविक ठान्दिन तर अब व्यवहारमा हेर्न बाँकी नै छ ।

सरकराले रोजगारीको सिर्जना गर्नुपर्छ । जस्तै-उद्योगधन्दाहरू खोल्ने, सिँचाईको व्यवस्था गर्ने, कृषिलाई आधुनिकीकरण गर्ने हो भने लाखौं युवाले स्वदेशमा नै रोजगारी पाउन सक्छ । यहाँ कुन कुन उद्योग खोल्न सकिन्छ त्यसको अध्ययन गरेर, उद्योगपति तथा विदेशीहरूलाई पनि आह्वान गरेर यहाँ भएका कच्चा पदार्थको सदुपयोग गरेर उद्योगहरू खोल्न सकिन्छ ।

मुख्य कुरा त सरकारमा जो जो छन् उनीहरू इमान्दारी हुनुपर्‍यो । जनतालाई कसरी समृद्धको बाटोमा अगाडी बढाउन सक्छौं, कसरी घर-




घरमा रोजगार दिन सक्छौं, कति अवधिभर दिन सक्छौं, यी विषयमा गम्भीर हुनुपर्छ । यस्ता कुरामा प्रतिपक्षीसँगको सल्लाह लियो भने हामी पनि सल्लाह दिन्छौं । हामीलाई त विकास चाहिएको हो ।

हो, अहिलेसम्म मधेशी गठबन्धनसँग कुनै छलफल भएको छैन । पहिला सरकार नै अहिलेसम्म पूर्णता पाइसकेको छैन । तर हिम्मत गर्‍यो भने बन्द भएका जति पनि कलकारखानहरू छन् ती सबैलाई सञ्चालन गर्ने प्रयास गर्ने कामलाई प्राथमिकतामा राख्नु पर्दछ । बन्द हड्ताल गरेर होइन अबको लडाई भनेको नै समृद्धिको लडाई हो । त्यसकारण रोजगारी नै दिलाउने हो भने हामीले प्रदेश नं. २ लाई धेरै हदसम्म अगाडी बढाउन सक्छौं ।

हामी विकासमा एक भएर बन्द भएका कारखानाहरू सञ्चालन गरौं । त्यसमा हाम्रो पूर्ण सहयोग हुनेछ । नयाँ औद्योगिक वातावरण तयार गर्नका लागि कस्तो सहयोग आवश्यक पर्छ त्यस किसिमको सहयोग गर्न हामी तयार छौं । कृषिलाई प्रमुख प्राथमिकतामा राखौं । पहिले खाद्यान्न निर्यात गर्ने देश अहिले अबौंको आयात गर्नुपर्ने बाध्यता छ त्यसकारण कृषिलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।

संविधान संशोधनप्रति एमालेको कहिल्यै पनि नकारात्मक धारणा थिएन । हामी प्रमुख प्रतिपक्षमा थियौं । तात्कालीन सरकारले मधेशवादी दलहरूसँग पटक-पटक छलफल गर्‍यो,सम्झौता गर्‍यो तर एमालेसँग कुनै त्यस्तो लिखित सम्झौता गरेन । तर संविधान संशोधन नुहँदा दोष एमालेलाई दिइयो । कुन बुँदामा संशोधन गर्ने, त्यसमा छलफल गरौं । जनताभन्दा अर्को ठूलो दल हुनै सक्दैन ।

हामीले त्यसरी त सोचेका छैनौं, कहाँ संशोधन गर्ने तर। जुन दल प्रतिपक्षमा छन्, जो संविधान निर्माणमा पनि सहभागि भएन, कालान्तरमा पनि त्यहि विषयलाई लिएर दुई चरणको निर्वाचन बहिष्कार गरे तर पछि तेस्रो चरणको निर्वाचन र प्रदेश र संघीय निर्वाचनमा भाग लिए, उनहरूबाट स्पष्ट शब्दमा प्रस्ताव आउनु पर्छ । संविधानमा कहाँ कहाँ त्रुटी रहेको छ, त्यसका लागि बसेर नेपालको हित अनुकुल र मधेशकै पनि हित अनुकुलको मित्रवत् रूपमा बसेर छलफल गरेर निष्कर्षमा पुग्ने हो भने मात्र थाहा हुन्छ, कुन कुन बुँदामा संशोधन गर्नुपर्छ भन्ने ।

माग राख्दैमा सबै शतप्रतिशत माग पूरा हुन्छन् भन्ने त हुँदैन नि । जुन जुन मागहरू सम्बोधन गर्नुपर्ने हुन्छ त्यसका लागि छलफल गर्नुपर्छ । पहिले पटक-पटक संसदमा माग पेश गर्दा हामीलाई एक पटक पनि सोधेनन् । अहिले आएर दोष हामीलाई दिन्छन् । यहाँसम्म आइपुग्दा करिब करिब सबै कुरा थाहा भयो । संविधान संशोधनदेखि लिएर विकासका काममा जति पनि समस्या छन्, नेपाली जनताको हित बाहेक अन्य कुराहरू हुने छैन । संविधानका कुन-कुन धारामा संशोधन गर्नुपर्ने हुन्छ त्यसमा छलफल गरेर हामी अगाडी बढ्नेछौं ।

सिमांकनको कुरा गर्ने हो भने कहाँबाट कहाँसम्म हो ? पूर्व मेचीदखि पश्चिम महाकालीसम्म त हाम्रो पार्टीले आफ्नो स्पष्ट धारणा राखिसकेको छ । अहिले आएर हामीलाई पनि के महशुस भयो भने जानकी मन्दिरको भेटीले मात्रै त प्रदेश चल्दैन, त्यसका लागि त प्राकृतिक स्रोत पनि आवश्यक पर्दछ । जनताको चाहना नभई त कुनै पनि निर्णय गर्न मिल्दैन । त्यसकारण सबै जनताको चाहना हुनुपर्छ, प्रदेश नं. २ को जनताको चाहनाले मात्र त हुँदैन ।

*(एमालेका प्रदेश २ का संसदीय दलका नेता मण्डलसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित)*

# मुख्यमन्त्रीको गुनासो



जनकपुरधाम । प्रदेश २ मा कर्मचारीहरू हालसम्म उपस्थित नभएपछि मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दीले प्रधानमन्त्रीलाई सहयोगका लागि पत्र लेखेका छन् । प्रदेश २ मा संघीय सचिवालयबाट खटाइएका कर्मचारी बिना जानकारी कार्यस्थलमा नआएपछि मुख्यमन्त्री राउतले प्रधानमन्त्रीलाई सहयोगको लागि पत्र लेखेका हुन ।

मुख्यमन्त्री राउतले आफ्नो प्रदेशमा खटाइएका कर्मचारीहरू अझै पनि उपस्थित नभएको र प्रदेशका लागि चाहिने आवश्यक स्रोत र साधनको पनि अभाव रहेको भन्दै सहयोग गरिदिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई पत्रमा उल्लेख गरेका हुन । मुख्यमन्त्री राउतले ओलीलाई लेखेको पत्रमा गत फागुन २ गते नै प्रदेश सरकार गठन भएर काम कारबाही अघि बढाउने समयमा कर्मचारीको अभाव तथा भएका कर्मचारीले समेत असहयोग गर्न थालेपछि काम अगाडि बढाउन अप्ठ्यारो भएको उल्लेख गरिएको छ ।

प्रदेश २ को संसद् सचिवालयमा खटिएका २७ कर्मचारीमध्ये सात जना मात्रै आइपुगेको छ/ ।संसद् सचिवालयमा खटिएका सबै कर्मचारी नआउँदा प्रशिक्षणका लागि केन्द्रीय संसद् सचिवालयबाट आएका चार जना कर्मचारी पनि जनकपुरमै रोकिएका छन् । यस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयमा चार जना कर्मचारी मात्रै छन् । ३३ जना कर्मचारी खटाइएको यो मन्त्रालयका अरू कर्मचारी अझै आइपुगेका छैनन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालयमा पनि १० जना कर्मचारी मात्रै हाजिर भएका छन । २७ कर्मचारी खटाइएको यो मन्त्रालयका अन्य कर्मचारी आइपुगेका छैनन् ।

# सरकारमा त्यतिकै कसरी जाने ? : अनिल झा



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका नेता अनिल झाले अहिले आफूहरूलाई सरकारमा जान कुनै हतारो नरहेको प्रष्ट्याएका छन् । नेकपा एमालेका नेताहरूले संविधान संशोधन गर्न सकारात्मक रहेको भन्दै राजपा र फोरमलाई सरकारमा सहभागी हुन निम्तो दिइरहेको बेला अध्यक्षमण्डलीय नेता झाले यस्तो प्रतिक्रिया दिएका हुन् । उनले संविधान संशोधन नभएसम्म राजपा सरकारमा सहभागी नहुने स्पष्ट पारेका छन् ।

उनले भने,'संविधान संशोधन भयो भनेमात्रै हामी सरकारमा जानेबारे सोच्न सक्छौं, अहिले हामीले सरकारमा सहभागी हुनेबारे केही पनि सोचेको छैन ।'

हिजोको दिनमा संविधान संशोधन भैरहँदा संशोधन गर्नै हुँदैन भनेर क्रान्तिकारी भाषण गर्ने र दुई तिहाई पुर्‍याउन नदिने दल नेकपा एमालेले अहिले सरकारको नेतृत्व गरिरहेको उल्लेख गर्दै झाले भने,'हामी त संशोधनको पक्षधर हौं, तर वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली संशोधनको लागि ईच्छुक हुनुहुन्छ कि हुनुहुँदैन् ? उहाँहरूसँग अहिले प्रचण्ड बहुमत छ, हामी पनि भयौं भने दुई तिहाई भन्दा बढि बहुमत हुन्छ।'

झाले एमाले-माओवादीसहित राजपा र फोरम पनि मिल्यो भने संशोधनको लागि प्रचण्डभन्दा प्रचण्ड बहुमत पुग्ने र संविधान संशोधन रातारात हुने अर्थात तुरून्त हुने विश्वास दिलाए । उनले संशोधन नगरी आफूहरू सरकारमा नजाने अडान दोहोर्‍याए । उनले भने,'हामीलाई सरकारमा जान कुनै हतारो छैन, अहिले हामीले सरकारमा जानेबारे सोचेको पनि छैन, सरकारमा त्यतिकै सहभागी भयौं भने जनताले के भन्छन् ? तपाई पत्रकारहरूले के भन्नुहुन्छ ? हामी संशोधन पक्षधर भएकोले राजपा र फोरमले दायाँबायाँ गर्ने अवस्था छैन ।'

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# सर्वसत्तावादको खतरा रोक्न प्रदेश २ मा कांग्रेस विपक्षमा बस्यो

**नेतृत्व परिवर्तन गर्नुपर्ने भन्ने कुरा स्वभाविक हो । महाधिवेशन गरी प्रक्रियाद्वारा नेतृत्व परिवर्तन हुन्छ । यसका पनि आफ्नै विधि, प्रक्रियाहरू छन् । नेतृत्व परिवर्तन प्रक्रियागत रूपमा अगाडी बढ्छ । लोकतान्त्रिक दलमा सधै एउटै मान्छेले नेतृत्व गर्ने भन्ने हुँदैन ।**



**शोभाकर पराजुली**
**पूर्वमुख्यसचिव, नेपाली कांग्रेस**

**० हालै सम्पन्न भएको तीनै तहको निर्वाचनहरूमा काँग्रेसले पाएको मतलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– विगतका सबै निर्वाचनहरू सम्पन्न भइसक्दा काँग्रेसले जुन प्रकारको मत पाएको छ, त्यो सम्मान योग्य नै छ । तथापी काँग्रेसको आन्तरिक व्यवस्थान र नेतृत्वको सुझबुझ नपुगेका कारण उम्मेदवार चयन गर्दा देखिएका अव्यवहारिक कारणले अपेक्षित संख्यामा विजय हासिल गर्न सकेन । यो काँग्रेसको कमजोरी नै हो । त्यसपछि कम्युनिष्ट गठबन्धनले पनि असर त गरेको छ । अझ त्यो भन्दा बढी काँग्रेसकै गुट-उपगुटका कारण आफ्ना मान्छेलाई नै टिकट दिनुपर्छ भन्ने मान्यता नेतृत्व तहमा देखियो । जसका कारण देशका विभिन्न भागमा टिकट पाउन रहेका योग्य, वरिष्ठ, लोकप्रिय र क्षमतावान साथीहरूले टिकट नपाएका कारणले पनि मत संख्यामा कमी आएको जस्तो मलाई लाग्छ ।

**० अहिलेको मतको परिणाम काँग्रेसको गुट-उपगुटको कारण नै हो ?**

– गुट-उपगुटका कारण पार्टी भित्र अस्वस्थ प्रतिस्पर्धा छ । मेरो मान्छेलाई नै टिकट दिनुपर्छ भन्ने मान्यता छ । टिकट वितरण गर्ने नेतामा जुन भावना व्याप्त भयो र स्थानीय तहमा जुन व्यक्ति लोकप्रिय छ, कार्यकर्ताकाबीच पनि लोकप्रिय छ, जो सक्षम छ उनीहरूको तुलनामा राम्रा मान्छे भन्दा पनि हाम्रा मान्छे छनोट गरेको कारणले पनि यस्तो परिणाम भएको हो ।

**० विशेषगरी तराई-मधेशमा काँग्रेसको खस्किदो अवस्था छ । काँग्रेसप्रति जनताको मोह सकिदै गएको हो कि अन्य कुनै कारण छ ?**

– तराईमा काँग्रेसप्रति जनताको मोह भंग भएको छैन । खासगरी सम्मानित मत नै प्राप्त गरेको छ । मैले पहिले नै भने काँग्रेसको आन्तरिक व्यवस्थापन, कांग्रेसको चुस्त दुरूस्ततामा कमी, केन्द्रीय तहमा बस्ने नेताहरूको अदुरदर्शिताका कारणले यो हुन पुगेको हो । त्यसकारण मधेशको भावना, समस्याहरूले अहिले पनि काँग्रेससँग आशा गरिरहेको छ भन्ने कुरा अहिलेको व्यक्त मत परिणामले पनि देखाएको छ ।

**० अबको पाँच वर्षसम्म काँग्रेस प्रतिपक्षमा रहनेछ । प्रदेश तथा केन्द्र सरकारसँग कांग्रेसले कस्तो किसिमको भूमिका निर्वाह गर्ला ?**

– लोकतन्त्रमा सत्ता प्रतिपक्षको पनि हुन्छ । जनादेश प्रतिपक्षमा रहेर रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने, प्रदेश सरकार र केन्द्र सरकार सबैमा राम्रा कामको समर्थन र नराम्रा कामको विरोध गर्दै जनतालाई सचेत गर्ने काम काँग्रेसले गर्छ । यो काम गर्न हुँदैन भनेर सचेतना दिदै काँग्रेस एकजुट भएर क्रियाशील रहन जरूरी छ भनेर आन्तरिक व्यवस्थापन सुदृढ गर्दै जाने छ । त्यसका लागि काँग्रेसभित्रको आन्तारिक व्यवस्थापन र सुद्धीकरण पनि आवश्यक छ ।

**० विगत केही समय यता काँग्रेस र मधेशको सम्बन्ध चिसिन थालेको छ, तपाई यसमा के भन्न चाहनुहुन्छ ?**

– काँग्रेसको तर्फबाट सम्बन्ध चिसिन लागेको छैन । विगतमा पनि मधेश केन्द्रित राजनीतिक दलहरूसँग संविधान संशोधनको विषयदेखि लिएर अन्य मुद्दामा सहकार्य भएको छ । निर्वाचनको समयमा पनि कतिपय ठाउँमा सहकार्य भएको हो । कम्युनिष्ट गठबन्धन बनि केपछि पनि लोकतान्त्रिक गठबन्धन बनोस भनेर प्रयास काँग्रेसको तर्फबाट भएकै हो । विविध कारणले लोकतान्त्रिक गठबन्धन हुन नसकेका कारण पनि मधेशवादी दल र काँग्रेसलाई स्थानीय तह र केन्द्रस्तरको निर्वाचनमा तराईमा अझ बढी सिट संख्या आउनु पर्थ्यो । मधेशकेन्द्रित राजनीतिक दलका नेताहरूलाई मेरो आग्रह के छ भने संख्याको हिसाबमा जुन प्रतिनिधित्वको सवालमा संशोधनको विषय उठेको थियो त्यसमा काँग्रेसको पहलमा संविधान संशोधनको विधेयक दर्ता गराएको हो । त्यसकारण अहिलेसम्म कसको र के कारणले भएन भन्ने कुरा पनि जगजाहेर नै छ । त्यस मुद्दालाई लिएर मधेश केन्द्रित राजनीतिक दलहरू अहिले सत्तामा जाँदै छन् । सायद त्यो सहमति भएर नै होला । यो एउटा सुन्दर पक्ष हो । सत्ताका लागि मात्र भन्दा पनि जनताका लागि समावेशी र समानताको लागि जे आवश्यक छ र जनसंख्याको आधारमा प्रतिनिधित्व गर्ने हिसाबले भइदिएको भए अहिले प्रतिनिधिसभामा मधेशबाट अझ बढी संख्यामा सीट हुन्थ्यो । राष्ट्रियसभामा पनि अझ बढी संख्यामा सहभागी हुन सक्थ्यो । त्यस कुरालाई अवलम्बित यसै संविधानबाट जनसंख्याकै अनुपातमा पनि अहिले नै संशोधन गर्न सक्ने अवस्था हुन्थ्यो । मधेश केन्द्रित दलहरूले अझै पनि संविधान संशोधनको लागि पहल गर्नुपर्छ भन्ने मलाई लाग्छ र काँग्रेसका तर्फबाट म जुन ठाउँमा छु र जनसंख्याकै अनुपातमा प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ भन्ने कुरा प्रारम्भदेखि नै मैले उठाइ आएको विषय हो । यो कुरा सत्तामा जाने निहुँमा ओझेलमा पर्नु हुँदैन भन्ने मेरो स्पष्ट मान्यता छ ।

**० प्रदेश २ मा काँग्रेसबाहेक अन्यले मधेशी गठबन्धनको सरकारलाई समर्थन गर्‍यो । कांग्रेसमात्रै विपक्षमा बस्यो, किन ?**

– लोकतन्त्रमा प्रतिपक्षको आवश्यकता छ । त्यसकारण सबै राजनीतिक दलहरू सत्तापक्ष भइदियो भने सर्वदलीयको खतरा रहन्छ । त्यसैले सर्वसत्तावादको भयंकर दुष्परिणामलाई मध्यनजर गर्दै काँग्रेस प्रतिपक्षमा बसेको हो । लोकतन्त्रमा प्रतिपक्षमा रहेर पनि सहयोग गर्न सकिन्छ । त्यसकारणले काँग्रेसले प्रतिपक्षको भूमिकामा रहे पनि जनताका कुरा राख्ने र सरकारले गरेका नराम्रा कामलाई जनतासामु पुर्‍याएर जनतालाई सचेत गराउने काम गर्नेछ । कम्युनिष्टहरूकै बिगबिगी भएका कारणले प्रतिपक्ष भन्ने बित्तिकै दुश्मन हो कि भन्ने बुझाई छ तर काँग्रेसको हकमा प्रतिपक्ष भनेको सच्चा सल्लाहकार हो ।

**० ६ वटा प्रदेशमा कम्युनिष्ट सरकार र प्रदेश २ मा मधेशी गठबन्धनको सरकार भएको बेला प्रदेश २ मा काँग्रेसले कस्तो भूमिका निर्वाह गर्छ ?**

– खासमा प्रदेश नं. २ मा लोकतान्त्रिक शक्तिहरूकै बाहुल्यता रहेको छ । सत्तापक्ष र विपक्षमा पनि । त्यसकारण नेपाली काँग्रेसले लोकतन्त्रलाई संस्थागत कसरी गर्न सकिन्छ त्यसमा अहिले प्राप्त भएका सुविधाहरू भन्दा पनि अझ बढी सुविधाहरू कसरी गर्न सकिन्छ र त्यहाँको विकास जनताले प्रत्यक्ष अनुभव हुने गरी गर्न सकिन्छ भन्ने तर्फ नै नेपाली काँग्रेसको ध्यान रहन्छ ।

**० प्रदेश २ को सरकारले प्राथमिकतामा के के रहनु पर्ने हो ?**

– प्रदेश २ को सरकारले प्राथमिकतामा राख्नुपर्ने विषय धेरै छ । हालसम्म पनि बन्न नसकेको हुलाकी राजमार्गलाई नै पहिलो प्राथमिकतामा राख्नुपर्छ । त्यसपछि रेल्वे मार्ग, गण्डक नहरको दायाँ बायाँका सडकलाई सुधार गर्नुपर्छ । यातायात, सिँचाई कृषियोग्य जमिनमा पुर्‍याउन पहल गर्नुपर्छ । सार्वजनिक विद्यालयहरूका लागि पनि स्तरोन्नतिका लागि राम्रोसँग पठनपाठनका लागि शिक्षकलाई राजनीतिक रूपमा दबाब आएको कारणले शिक्षकलाई सुविधाको लागि पनि विशेष कार्यक्रमहरू ल्याउनुपर्छ । प्रदेश २ लाई कृषिप्रधान बनाउन पनि पहल गर्नुपर्छ । यातायात, कृषि, स्वास्थ्य र शिक्षा क्षेत्रमा विकास गर्नुपर्छ । वन विनाशका कारण मरूभूमि जान्छ कि भनेर त्यसका लागि वन जोगाउनका लागि पनि विशेष ध्यान दिनुपर्दछ । प्रदेश लगायत केन्द्रले पनि त्यो कुरामा ध्यान दिनुपर्दछ ।

**० काँग्रेसमा विभिन्न किसिमका विवादहरू देखिएको छ । उसले आफूलाई सुधार्नका लागि के गर्नुपर्ला ?**

– काँग्रेसले आफूलाई आमुल रूपमा सुधार गर्नुपर्छ । गुट-उपगुटको कुरालाई समाप्त गर्नुपर्छ । विभिन्न गुट-उपगुटका नाममा र प्रवाहका माध्यमबाट आफ्ना नातागोता र आर्थिक प्रलोभनमा परि सिट बाँडफाँड र टिकट वितरणका कुराहरू छन् ती सबैलाई सुधार गर्दै अब काँग्रेसमा यस्तो हुनुहुँदैन भन्ने कुरालाई आत्मसात गरी आमुल परिवर्तनसहित काँग्रेस अगाडी बढ्नुपर्छ ।

**० नेपाली काँग्रेस प्रदेश र केन्द्रमा संख्याको आधारमा कमजोर देखिएको छ, अब काँग्रेसले आफूलाई कसरी प्रस्तुत गर्नुपर्ने हो ?**

– नेपाली काँग्रेस संख्याको आधारमा कमजोर देखिएको कुरा सत्य हो । तर जनताले काँग्रेसप्रति जुन विश्वास गरेर समानुपातिकमा मत जाहेर गरेको छ, त्यसलाई सम्मान गर्दै जनताले के भनेको छ भने काँग्रेसप्रति उसको वितृष्णा छैन । काँग्रेसका नेताहरूले गरेको निर्णयप्रति अर्थात उम्मेदवार छनोट प्रक्रियाप्रति जनताको असन्तुष्ट रहेको छ । त्यसकारण अब आउने दिनमा काँग्रेसलाई अझ बढी बलियो बनाउनका लागि नेताहरूले राम्रा मान्छेको पक्षमा लागेर आफ्ना मान्छेका लागि होइन भन्ने बुझेर त्यही अनुसार संगठनलाई चुस्त र दुरूस्त बनाउनुपर्छ ।

**० काँग्रेसको नेतृत्व परिवर्तन गर्नुपर्छ भनेर पार्टी भित्रबाटै आवाज उठि रहेको छ, तपाई यसलाई के भन्नुहुन्छ ?**

– नेतृत्व परिवर्तन गर्नुपर्ने भन्ने कुरा स्वभाविक हो । महाधिवेशन गरी प्रक्रियाद्वारा नेतृत्व परिवर्तन हुन्छ । यसका पनि आफ्नै विधि, प्रक्रियाहरू छन् । नेतृत्व परिवर्तन प्रक्रियागत रूपमा अगाडी बढ्छ । लोकतान्त्रिक दलमा सधै एउटै मान्छेले नेतृत्व गर्ने भन्ने हुँदैन ।

**० देउवा सरकारले गरेका नियुक्तिहरू ओली सरकारले बदर गर्ने भन्ने कुरा पनि आइरहेको छ, यसमा तपाईंको धारणा के छ ?**

– यो सरकारले गरेको निर्णय हो । एउटा सरकारले गरेको निर्णय अर्को सरकारले उल्टाउदै जाने हो भने अराजकता हुन्छ । राष्ट्रपति भनेको एमाले सरकारको मात्र होइन । राष्ट्रपतिले संविधानको रक्षा गर्नुपर्छ । पछिल्लो पटक राष्ट्रपतिले नेपाली कांग्रेसको सरकारले होइन नेपाल सरकारको निर्णयको विपक्षमा र ओली सरकारले गरेको निर्णयको पक्षमा निर्णय आएको छ, त्यो एकदम असंवैधानिक रहेको छ । त्यसलाई सच्याइएन भने नेपालमा ठूलो दुर्घटना निम्तिन सक्छ र त्यसको जिम्मेवार स्वयं राष्ट्रपति र राष्ट्रपतिलाई उक्साउने व्यक्तिहरू नै हुनेछन् । त्यसकारण एउटा सरकारले गरेको निर्णय उल्टाउँदै जानु भनेको अराजकता मात्र हो । त्यसले यो अराजकतालाई सुधार्ने सबैको सुझबुझ हुनुपर्छ । सत्तामा रहेका र सत्ता बाहिर रहेका सबै राजनीतिक दलहरूले यसलाई विशेष ध्यान दिनुपर्दछ ।

**० राष्ट्रपतिको भूमिका एउटा राजनीतिक दलको कार्यकर्ताको जस्तो भयो भन्नुहुन्छ ?**

– हो, स्पष्ट रूपमा भन्नुपर्दा राष्ट्रपतिको कदम राष्ट्रपतिको जस्तो नभई एउटा राजनीतिक दलको कार्यकर्ताको जस्तो मात्र देखियो । यो एकदम निन्दायोग्य छ, यो गर्नै नहुने काम भएको छ । एमाले, माओवादी र मधेशवादी दलका नेताहरू राष्ट्रपतिको यो कदमप्रति एकजुट भएर निर्णय उल्टाउनु पर्दछ । अन्यथा यहाँ अराजकता सिर्जना हुन्छ । यसले नै आन्दोलनको बिजारोपण गर्छ भन्ने मलाई लाग्छ । नेपाली काँग्रेसका भातृ संगठनहरूले राष्ट्रपतिको कदम नसच्याएसम्म आन्दोलनको घोषणा पनि गरिसकेको छ ।

**० अहिलेको संविधान विश्वकै उत्कृष्ट भनिएको संविधान हो । संविधान घोषणा भएदेखि बनेका सरकारका क्रियाकलापले संविधानलाई कति पालना गरेको देख्नु हुन्छ ?**

– संसारका कुनै पनि संविधानलाई उत्कृष्ट संविधान भन्न मिल्दैन । प्रत्येक लोकतान्त्रिक देशका संविधान संशोधन गर्दै जान आवश्यक छ । अमेरिका, भारतका संविधान संशोधन भइरहेका नै छन् । त्यसकारण लोकतान्त्रिक देशका संविधानलाई उत्कृष्ट भन्न मिल्दैन तर उत्कृष्ट बनाउन तर्फ भने लागिरहनु पर्छ । समय सापेक्ष अनुसार अझ जनतालाई अधिकार दिने समान अवसर र स्वतन्त्रता फराकिलो पार्दै संविधानलाई संशोधन गर्दै जानुपर्छ ।

**० दुई कम्युनिष्ट पार्टी अहिले एक भइरहेका छन्, यसलाई तपाई कुन हेर्नु भएको छ ?**

– दुईवटा कम्युनिष्ट पार्टी एक हुने भनेको एउटा कम्युनिष्ट पार्टी समाप्त हुने हो । खुलापन भनेको कम्युनिष्टहरूको लागि दुश्मन हो । उनीहरूको नाम मात्र कम्युनिष्ट हो, सिद्धान्त कम्युनिष्ट होइन । सत्ता लिप्साका कारण उनीहरू यति चुरचुर भइरहेका छन् कि मार्क्सवाद, लेलिनवादको सिद्धान्त बोका कम्युनिष्ट हुँदै होइनन् । यिनीहरू सन्तुष्ट भएर लाग्छन् जस्तो मलाई लाग्दैन । बरू यिनीहरू एक होउन् । एक भएर देशको विकास गरून् मेरो शुभकामना छ ।

**० छाया सरकार गठन गर्ने पाटीले निर्णय गरेको छ, खासमा यो छाया सरकार भनेको के हो ?**

– सत्ता पक्षमा जुन राजनीतिक दल छ र सत्तापक्षबाट जे जति क्रियाकलाप हुन्छ त्यसको सुक्ष्म अवलोकन गरेर सांसदहरूलाई जिम्मेवारी दिएर त्यो मन्त्रालयहरूसँग सम्बन्धित भए गरेका काम जनतालाई सुसूचित पनि गर्ने र संसदमा पनि त्यहि किसिमको क्रियाशिलता देखाउने काम नै छाया सरकारको हो ।

प्रतिपक्षमा रहेर सरकारले गरेका नराम्रा कामको विरोध गरेर त्यसलाई जनतासामु लगेर त्रुटी सच्याउने र शान्तिपूर्ण आन्दोलन संसदबाट र सडकबाट पनि गर्न जरूरी छ र त्यहि अनुसार अगाडी बढ्न लागेको हो ।

☞ लोकतन्त्रमा प्रतिपक्षको आवश्यकता छ । त्यसकारण सबै राजनीतिक दलहरू सत्तापक्ष भइदियो भने सर्वदलीयको खतरा रहन्छ । त्यसैले सर्वसत्तावादको भयंकर दुष्परिणामलाई मध्यनजर गर्दै काँग्रेस प्रतिपक्षमा बसेको हो ।

☞ राष्ट्रपतिले नेपाली कांग्रेसको सरकारले होइन नेपाल सरकारको निर्णयको विपक्षमा र ओली सरकारले गरेको निर्णयको पक्षमा निर्णय आएको छ, त्यो एकदम असंवैधानिक रहेको छ । त्यसलाई सच्याइएन भने नेपालमा ठूलो दुर्घटना निम्तिन सक्छ र त्यसको जिम्मेवार स्वयं राष्ट्रपति र राष्ट्रपतिलाई उक्साउने व्यक्तिहरू नै हुनेछन् । त्यसकारण एउटा सरकारले गरेको निर्णय उल्टाउँदै जानु भनेको अराजकता मात्र हो ।

☞ संसारका कुनै पनि संविधानलाई उत्कृष्ट संविधान भन्न मिल्दैन । प्रत्येक लोकतान्त्रिक देशका संविधान संशोधन गर्दै जान आवश्यक छ । अमेरिका, भारतका संविधान संशोधन भइरहेका नै छन् ।

☞ उनीहरूको नाम मात्र कम्युनिष्ट हो, सिद्धान्त कम्युनिष्ट होइन । सत्ता लिप्साका कारण उनीहरू यति चुरचुर भइरहेका छन् कि मार्क्सवाद, लेलिनवादको सिद्धान्त बोका कम्युनिष्ट हुँदै होइनन् । यिनीहरू सन्तुष्ट भएर लाग्छन् जस्तो मलाई लाग्दैन ।

☞ सत्ता पक्षमा जुन राजनीतिक दल छ र सत्तापक्षबाट जे जति क्रियाकलाप हुन्छ त्यसको सुक्ष्म अवलोकन गरेर सांसदहरूलाई जिम्मेवारी दिएर त्यो मन्त्रालयहरूसँग सम्बन्धित भए गरेका काम जनतालाई सुसूचित पनि गर्ने र संसदमा पनि त्यहि किसिमको क्रियाशिलता देखाउने काम नै छाया सरकारको हो ।

# माधुर्यता र प्रेमभावका होली गीत लोप हुँदै

**वीरेन्द्र कर्ण**

वीरगञ्ज । 'शिव मठ पर राम खेलैए होली......'

वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म मिथिलाञ्चलको घर, गाउँ, टोल र छिमेकमा यस्ता माधुर्यता र प्रेमभावका यस्ता होली गीत गाउने चलन हराउँदै गएको छ ।

पश्चिमी पर्साको बन्जारे बस्ने ६० वर्षीय राम अधिन पुर्ख्यौली मृदंग बजाई फागु गीत जोगिरा गाउन नपाएकामा दुःखी छन् । उनी भन्छन्-'पहिले पहिले वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि टोल टोल घुमेर फागु पर्वको आगमन भएको जानकारी दिन जोगिरा गीत गाएर हिँड्ने चलन थियो ।'

अहिले गाउँका युवा वैदेशिक रोजगारीका लागि खाडी मुलुक गएकाले गीत गाउन सक्ने बूढापाकाहरूको अभावमा न त पहिले जस्तो ढोल मृदंग बज्छ न त फागु गीत नै गाइन्छ । उदास देखिएका वृद्ध राम अधिन भन्छन्-'होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आध्यात्मिक विशिष्टता, जीवनको उमंग, ऊर्जा, सांस्कृतिक परम्परा, पिरती तथा उन्मुक्ति भाव झल्किन्थ्यो । तर अब उच्छृंखल गीतहरू गाइन्छ । माधुर्यता र प्रेमभाव मिसिएको होली गीत विरलै सुन्न पाइन्छ ।'

*'जोगिरा सर....र......र....र*

*कौन ताल पर ढोलक बाजे, कौन ताल पर मृदंग*

*कौन ताल पर गौरिया नाचे, कौन ताल पर हम*

*जोगिरा सर....र..र..र*

जस्ता गीत अहिले सुन्न पाइँदैन, न त मृदंग, ढोल र डम्फाको स्वर नै सुन्न पाइन्छ । सांस्कृतिक एवं ऐतिहासिक पर्व फागुले लक्ष्मीप्रसादलाई मात्र होइन बारा जिल्लाको मुसहर बस्तीमा बस्ने चन्देश्वरलाई समेत चिन्तित बनाएको छ । उनी भन्छन्-'होलीको पौराणिकता अब हराइसकेको छ । दिनहुँ जसो हुने झैँझगडा, राग, द्वेषका कारण होली गीत गाउन नै छाडिएको छ ।' भनिन्छ होलीको तर्क, दर्शन, लौकिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा संकीर्णता देखापरेको छ । अहिलेको होली भोगवादी र शहरमुखी भएको गुनासो सुनिन थालेको छ र



पौराणिकतासँग जोडिएको होली गीत लोप हुँदै गएको छ ।

'पहिले पहिले बूढापाकाहरू रात परेपछि गाउँको बीचमा रहेको चौपालमा झ्याली, मृदंग, ढोल लिएर समूहगत रूपमा होली गीत जोगिरा गाउने गर्दथे,' मोहम्मद इसराइल भन्छन्-'तर अब त्यो संस्कृति हराएर गयो ।'

अधिकांश युवा कामका लागि अरब मुलुक गएकाले होली गीत गाउने चलन हराउँदै गएको बताउने वीरगञ्ज महानगरपालिका वडा नं ३ का अरमान अलि भन्छन्-'अबको होली प्रेम र सद्भावको नभएर वैराग्य र वैमनस्यपूर्ण होली भएको छ । भाङको ठाउँमा रक्सी र प्रेम ठाउँमा द्वेष देखापरेको छ ।'

पहिले पहिले गाइने होलीका गीतमा धार्मिक तथा सद्भावका सन्देश बढी पाइन्थ्यो । उच्छृंखल गीतको सिडी चक्काहरू बजारमा बढी मात्रा पाउन थालेका छ । यस्ता होली गीतमा अश्लीलता र फोहरी शब्दहरू बढी हुने वीरगञ्ज महानगरपालिका वडा नं २२ रमगढवाका शेसमन पण्डितको भनाइ छ ।

मिथिलाको शहरी क्षेत्र भन्दा ग्रामीण क्षेत्रमा गाइने यस्ता होली गीतमा त्यस भेगको माटोको बास्ना हुने भएकाले यस्ता गीतको रक्षा गर्नु आजको आवश्यकता भएको संस्कृतिविद्हरू औंल्याउँछन् ।

होलीमा वासना, प्रेमालाप, सिताराम, शिवपार्वतीमा केन्द्रित भएर जोगिरा गीत गाउने परम्परा विगतमा थियो । तर अहिलेको होली गीतमा पश्चिमी सभ्यता हाबी हुँदै गएको देखिन्छ ।

# प्रदेश २ का मन्त्रालय अब कारखानामा

जनकपुरधाम । जनकपुरमा रहेको जनकपुर चुरोट कारखाना (जचुकाली) को प्रांगण भित्रको भवनमा प्रदेश २ का मन्त्रालयहरू स्थापना गरिएको छ ।

जचुकालीको चार तल्ले अधिकृत निवास भवनमा प्रदेश २ का चारवटा मन्त्रालय स्थापना गरिएको छ। जसको पहिलो तल्लामा सामाजिक विकास, दोस्रोमा आर्थिक मामिला तथा योजना, तेस्रोमा आन्तरिक मामिला तथा कानून र चौथोमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको बोर्ड झुन्ड्याइएको छ।

कारखानाको आवासीय क्षेत्रमा प्रदेश मन्त्रालय, मन्त्री निवास र अन्य बन्दोबस्त मिलाउने काम तीव्र गतिले भइरहेको छ। जचुकालीका वरिष्ठ अधिकृत बस्ने चारवटा क्वार्टरलाई मर्मतसम्भार गरिएर मन्त्रीको निवास बनाइएको छ।

जचुकालीको कम्पाउण्डभित्र प्रदेश २ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आवास, प्रदेश प्रमुखको कार्यालय र आवास, चार वटा मन्त्रालय तथा मन्त्रीहरूको आवास राखिएको छ। यसअघि जनकपुरको शहरी विकास तथा भवन निर्माण कार्यालयमा रहेको मुख्यमन्त्रीको कार्यालय जचुकालीभित्रै सारिएको छ।

केन्द्रीय शासकीय भवन सिंहदरबारजस्तै प्रदेश २ का सबै सरकारी निकाय जचुकाली कम्पाउण्डभित्र राखिने योजना रहेको मुख्यमन्त्री कार्यालयले जनाएको छ। प्रदेश प्रमुख रतनेश्वरलाल कायस्थको कार्यालय र निवास शुरूमा जचुकालीमा राखिएको थियो । त्यसपछि क्रमशः प्रदेश २ को अन्य कार्यालयहरू त्यही लगिएको हो ।

# कर्मचारी अभावले अस्पतालको काम प्रभावित : साह

**राकेश यादव, रौतहट** । जिल्ला जनस्वास्थ्य कार्यालय रौतहटका प्रमुख तथा जिल्ला अस्पताल गौरका मेडिकल सुपरिटेंडेंट डाक्टर कृष्णा साहले कर्मचारीको आभावका कारण कठिनाईको सामना गर्नु परिरहेको बताएका छन् । संचारकर्मीहरू सीतको भेटघाटमा डाक्टर साहले सरकारले दरवन्दी अनुसारको कर्मचारी समयमा पूर्ति नगर्दा जनताको सेवा प्रबाह र कार्यालयको कामकाज नराम्रो प्रभावित भएको बताए ।

कार्यालयको प्रसाशन फाटमा अधिकृत, नायव सुब्बा, लेखामा लेखा अधिकृत र सह लेखपालको आभाव रहेको बताउँदै डाक्टर साहले प्रसाशन आफै तथा लेखाको कामकाज अरू कार्यालयबाट लेखा अधिकृतलाइ बोलाएर कामकाज गरिरहेको बताए । साहले भने विरामीको लागि दिइनु पर्ने निशुल्क औषधिको समस्या रहेको छ, क्षेत्रीय स्वास्थ्य निर्देशनालयलाई भन्दा पनि औषधि समयमा आपूर्ति भइरहेको छैन । अस्पताल सञ्चालनमा रकम अपुग मुख्य समस्या रहेको बताउँदै साहले जनसँख्याको आधारमा बजट विनियोजन नहुनुले जटिलताको सामना गरिनुपरेको उल्लेख गरे ।

आन्तरिक स्रोत पर्याप्त नभएकोले झन् अप्ठ्यारो अवस्थाको सिर्जना भएको उनको कथन रहेको छ । जनसंख्याअनुसार रकम दिनु पर्ने धारणा राख्दै साहले दक्ष अनुभवी चिकित्सकको व्यवस्था समयमा गरिदिन सरकारलाई ध्यानाकर्षण गराए । अस्पतालका एम्बुलेन्स बिग्रेको अवस्थामा रहेको छ । सरसफाई गर्ने कर्मचारीको कमी ५० सैय्याको अस्पतालको अनुसार चिकित्सकको कमी, बजेटको आभाव, आन्तरिक आयको स्रोतको कमी, निःशुल्क औषधि समयमा उपलब्ध नहुनु, ७० प्रकारका औषधि मध्ये ३० किसिमको औषधिको उपलव्धता मात्र रहेको डाक्टर साहले जानकारी दिएका छन् । अस्पताल विकास समितिको अध्यक्षमा राधेश्याम साह नियुक्त भएपछि साहका भाईहरू अस्पतालका कर्मचारीहरूलाई धम्क्याउने कार्य गरिरहेका छन् ।

एक महिना पहिले राजनीतिक हिसावले अध्यक्ष बनेका साहका भाई घनश्याम साह, रामानन्द साहले अस्पतालका स्टोरफाँटका जिम्मेवारी सम्हाल्दै आएका नायव सुब्बा रामआसरे मुखियालाई राजीनामा दिनका लागि धमकी समेत दिएका छन् । मुखियाले एकजना अध्यक्ष बनेपछि पारिवारिक सदस्यले पनि अस्पतालका कर्मचारीहरूलाई मानसिक यातना दिने गरेको आरोप लगाएका छन् । अस्पतालमा सञ्चालन रहेका चमन गृहको विगत १८ महिनाको भाडा समेत तिर्न नसकेका साह विकास समितिका अध्यक्ष बनेका हुन् ।

३१ हजार ५ सय प्रति महिनाको दरले भाडा बुझाउने गरी ठिक्का लिएका साहले १८ महिनाको भाडा अहिलेसम्म नबुझाएको अस्पतालले जनाएको छ । अध्यक्ष साहले कर्मचारीलाई कुनै किसिमको यातना दिने कार्य नगरेको दावी गरेका छन् ।


**नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यलाइ सुरक्षित बनाऔं**

- कोषको प्रत्येक सहभागीलाई वार्षिक ९ प्रतिशत ब्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट/घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा बढीमा रू. ४० लाखसम्म कर्जा दिन सकिने ।
- बीमा कोष योजना अन्तर्गत कोषले निजामती बीमा, शिक्षक बीमा, सैनिक बीमा, नेपाल प्रहरी र सशस्त्र प्रहरी बीमा कोष योजना संचालन गर्दै आइरहेको छ । कार्यरत अवस्थामा कुनै कर्मचारीको मृत्यु भएमा मृतकको हकवालाले रू. १ लाखसम्मको बीमा रकम पाउनेछन् ।
- कोषका सहभागीहरूलाई घरायसी, भैपरी आउने कामको लागि घर/जग्गा धितो राखेर सरल कर्जाको रूपमा सहभागीको आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रूपैयाँसम्म वार्षिक ९.५ प्रतिशत ब्याजमा लिन पाइने ।
- आफू र आफ्नो परिवारको उच्च शिक्षा हासिल गर्नको लागि घर/जग्गा धितो राखेर शैक्षिक कर्जाको रूपमा बढीमा रू. ३५ लाख रूपैयाँसम्म वार्षिक ९ प्रतिशत ब्याजमा कर्जा पाइने व्यवस्थामा सहभागी होऔं ।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने ।

**नागरिक लगानी कोष**

नयाँबानेश्वर, काठमाडौं ।
पोष्ट बक्स नं. ५८२३
फोन: ०१-४७८५३१९, ०१-४७८५३२५,
फ्याक्स ०१-४७८४९४५
ई-मेल: info@nlk.org.np, वेभसाइट: www.nlk.org.np


## मधेश अपडेट

### रेशम चौधरी पुर्पक्षका लागि जेल चलान



धनगढी । टीकापुर घटनाका मुख्य अभियुक्त भनिएका रेशमलाल चौधरी पूर्पक्षका लागि जेल चलान भएका छन् । अदालतसामू आत्मसमर्पण गरेका उनलाई धनगढी कारागारमा राखिएको छ । टीकापुर घटनापछि फरार चौधरीले सोमबार अदालतमा उपस्थित भएका थिए । उनले आफ्नो बयानमा चौधरीले आफूमाथि लागेको अभियोग अस्वीकार गरेका छन् । बहसका क्रममा उनका वकिलले सांसदको चुनाव जितेका उनलाई तारेखमा छाड्नुपर्ने तर्क गरेका थिए । तर, अदालतले चौधरीले अभियोग इन्कार गरे पनि लक्ष्मण थारू, लाहुराम चौधरी लगायतका अभियुक्तहरूले उनकै नेतृत्व र योजनामा घटना भएको हो भनी बयान दिएको तथा सरकारी वकिलले पेश गरेको प्रतिवेदनका 'हृदयविदारक तथ्य' आधारमा चौधरी कसुरदार छैनन् भन्न नसकिने भन्दै थुनामा राख्न आदेश दिएको छ । अर्को पेशी फागुन १६ लाई तोकिएको छ ।

### संविधान संशोधन गर्न सकिने : नेपाल



बाँके । नेकपा (एमाले) का नेता माधवकुमार नेपालले जनताको हित अनुकूल संविधान संशोधन गर्न सकिने बताएका छन् । उनले संविधान मुलुक र जनहितका लागि प्रयोग गर्ने कानूनी दस्तावेज भएकोले समयसापेक्ष सुधार हुनुपर्ने धारणा राखेका छन् । प्रेस चौतारी र प्रेस सेन्टरले नेपालगन्जमा आयोजना गरेको संयुक्त पत्रकार सम्मेलनमा नेता नेपालले यस्तो धारणा राखेका हुन् । नेपालले मुलुकमा अझै सामन्तवाद कायम रहेकाले यसको उन्मूलन गरेर मात्र विकास र समृद्धिको बाटो तय गर्न सकिने बताए ।

### जनमुखी नीति तर्जुमा गर्नुपर्नेमा जोड

मोरङ । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न आवश्यक रहेको बताएका छन् । श्रम नीति र पालना गर्ने विषयमा आइतबार विराटनगरमा भएको छलफल कार्यक्रममा मुख्यमन्त्री राईले नयाँ जोश, जाँगर र सोंचका साथ स्थानीय एवं प्रादेशिक सरकारले जनमुखी नीति तर्जुमा गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्की, रंगेली नगरपालिकाका प्रमुख दिलीपकुमार अग्रवाल, धनपालथान गाउँपालिकाका उपाध्यक्ष नसिमा बानु र मोरङ व्यापार संघका अध्यक्ष पवन सारडासँग छलफल गरिएको थियो ।

### चितवनमा विशेष सुरक्षा योजना

चितवन । होलीलाई लक्षित गर्दै इच्छा विपरीत लोला हान्ने वा रंग लगाउने, फोहर पानी छ्याप्ने, विपरीतलिंगी वा यात्रीलाई दुःख दिनेलगायतका कार्य रोक्न विशेष सुरक्षा योजना ल्याएको हो । होली पर्व सुरक्षित, मर्यादित र शान्तिपूर्ण बनाउन र अनियन्त्रित कार्य गर्नेलाई नियन्त्रणमा लिन प्रहरीले विशेष सुरक्षा योजना लागू गरेको प्रहरीले जनाएको छ । मादक पदार्थ सेवन गरेर हिँड्ने, जथाभावी सवारी साधन चलाउने, सामाजिक सद्भाव र मेलमिलाप भड्काउने गतिविधि गर्ने, साम्प्रदायिक सहिष्णुताविरूद्ध हुने गतिविधि नियन्त्रण गर्न चारवटा रणनीति अपनाइएको जनाइएको छ ।

### मेची-महाकाली अभियान सुरू

कञ्चनपुर । मानव बेचबिखनविरूद्ध देशव्यापी रूपमा चेतना फैलाउने उद्देश्यसहित मेची-महाकाली अभियान शनिबारदेखि कञ्चनपुरबाट सुरू गरिएको छ । माइती नेपालको २५औं वार्षिकोत्सवका अवसरमा अभियान सुरू गरिएको हो । सो अभियानको उद्घाटन प्रदेश नं. ७ का मुख्यमन्त्री त्रिलोचन भट्टले प्रदेश गरेका छन् । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री भट्टले प्रदेशलाई मानव बेचबिखन मुक्त प्रदेश बनाउने प्रतिबद्धता जनाएका छन् ।

### क्याम्पसमा अनिश्चितकालीन तालाबन्दी

सप्तरी । महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजलाई नवस्थापित राजर्षि जनक विश्वविद्यालयमा गाभ्ने सरकारी निर्णायको विरोध गर्दै आइतबारदेखि अनिश्चित तालाबन्दी गरिएको छ । नेपाल प्राध्यापक संघ क्याम्पस एकाइ राजविराजको नेतृत्वमा क्याम्पसका प्राध्यापक, शिक्षक तथा कर्मचारीले उक्त निर्णय नसच्याइएको भन्दै क्याम्पसको मूलढोकामै तालाबन्दी गरेकाछन् । विश्वविद्यालयमा जनकपुरको राराव क्याम्पस, सिरहाको सत्यनारायण सूर्यनारायण मरबैता बहुमुखी क्याम्पस र राजविराजको मविव क्याम्पस गाभिएको छ ।

### दुई वटा समिति गठन

विराटनगर । प्रदेश १ को प्रदेशसभा बैठकले सभामुखको अध्यक्षतामा कार्यव्यवस्था परामर्श समिति र प्रदेशसभा नियमावली मस्यौदा समिति गठन गरेको छ । प्रदेशसभा बैठकको कार्यसूची, प्राथमिकता, समय निर्धारणलगायतका विषय तय गर्न र आवश्यक भए सभामुखलाई अन्य विषयमा परामर्शसमेत दिन सभामुख प्रदीपकुमार भण्डारीको अध्यक्षतामा कार्यव्यवस्था समिति गठन गरिएको हो । उपसभामुख र प्रदेशको कानून हेर्ने मन्त्री यस समितिमा पदेन सदस्य रहन्छन् । प्रदेशसभा सदस्य इन्द्रमणि पराजुली, बुद्धिकुमार राजभण्डारी, जसमाया गजमेर, केदार कार्की, मोहनबहादुर खड्का, जयराम यादव, इन्दिरा राई र विष्णु तुम्बाहाम्फे यस समितिमा सदस्य रहनुभएको छ । एघार सदस्यीय नियमावली मस्यौदा समितिमा हीराबल्लभ अधिकारी, एकराज कार्की, सूर्यमान राई, शान्तादेवी पौडेल, रामचन्द्र लिम्बू, विष्णु तुम्बाहाम्फे, सावित्रीकुमार रेग्मी, झलकबहादुर मगर, रामकुमार राई र इन्दिरा कार्की रहनुभएको छ ।

### पर्यटनको विकास बिना समृद्धि असम्भव : प्रचण्ड

चितवन । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आर्थिक समृद्धिका लागि धार्मिक पर्यटनको विकास गर्नु जरूरी रहेको बताएका छन् । चितवनको रत्ननगरस्थित श्रीकृष्ण प्रणामी मन्दिर 'धर्मधाम'को स्वर्ण महोत्सव समारोहको आज समापन गर्दै उनले पर्यटनको विकासबिना समृद्धि सम्भव नहुने दाबी गरे । उनले नेपाल बहुसांस्कृतिक देश भएकाले यहाँका मठ, मन्दिर र महत्वपूर्ण सम्पदाको संरक्षण गर्नु जरूरी रहेको औंल्याए । नेपालमा धार्मिक पर्यटनको अथाह सम्भावना रहेको उल्लेख गर्दै दाहालले यसको माध्यमबाट आर्थिक विकास गर्नुपर्नेमा जोड दिए ।

### प्रदेश ७ को चौथो बैठक २० गते

कैलाली । प्रदेश ७ को प्रदेशसभाको पहिलो अधिवेशनको चौथो बैठक आगामी २० गते हुने भएको छ । सभामुख अर्जुनबहादुर थापाको अध्यक्षतामा सोमबार बसेको बैठकले अधिवेशनको मिति तोकको सात नम्बर प्रदेशका संसद् सचिवालयका सचिव बालाराम शर्माले बताए । बैठकमा उपसभामुख निर्मला जोशी पडाल, सामाजिक मन्त्रीसमेत रहेका नेकपा (एमाले) का दीर्घबहादुर सोडारी, बलदेव रेग्मी, पूर्णा जोशी, दुर्गा विक, नेकपा माओवादी केन्द्रका अक्कल रावल, नेपाली कांग्रेसका टेकबहादुर रैका, राष्ट्रिय जनता पार्टीका मालामती रानाको उपस्थिति रहेको थियो । फागुन २० गतेको बैठकले नियमावली मस्यौदा र कार्यव्यवस्था परामर्श समिति अनिवार्यरूपमा गठन गर्ने बताइएको छ ।

### मोरङमा विशेष सुरक्षा रणनीति तयार

विराटनगर । होली पर्वलाई लक्षित गरी विशेष सुरक्षा रणनीति तयार पारिएको छ । मोरङ जिल्ला प्रहरीले प्रदेश १ को अस्थायी मुकाम विराटनगर भएका कारण पनि विशेष सुरक्षा योजना लागू गरिसकेको छ । होलीमा जथाभावी रंग दल्नेलगायत गतिविधिले भीआईपी मुभमेन्टलाई असर गर्न सक्ने प्रहरीको आँकलन छ । होली शान्तिपूर्वक मनाउने वातावरण बनाउन सादा पोसाकका प्रहरी र प्रहरीको मोबाइल गस्ती परिचालन गरिने जनाइएको छ ।

# मिथिला चित्रकलाको भविष्य राम्रो छ



सुनैना ठाकुर
मिथिला चित्रकार

**मिथिला चित्रकलालाई व्यवसायीकरण गर्नका लागि पहिला यसको प्रचार प्रसार जरूरी छ। अर्को कुरा, यसको बजारीकरण पनि आवश्यक छ। सरकारले पनि यसमा ध्यान दिनुपर्ने छ। बजारमा कस्तो किसिमको माग छ त्यसमा पनि निर्भर रहनुपर्छ।**

मिथिला चित्रकलालाई परिभाषित गर्न जरूरी नै छैन। किनभने मिथिला चित्रकला आफैमा परिभाषित छ।

म सानै छँदा मिथिला कलाप्रति प्रेरणा मिलेको हो। सानैमा आमा, हजुरआमाले माटोले घरको भित्तामा विभिन्न प्रकारको चित्रकला बनाएको देख्थें। त्यसबखत म उहाँहरूलाई यो के बनाउनु भएको भनेर सोध्थें। त्यस बेला उहाँहरूले यो घरको सजावटको लागि बनाएको भन्नुहुन्थ्यो। त्यसपछि मैले पनि त्यही चित्रलाई आफ्नो कापीमा कोर्न थालें र विद्यालय तहको पढाईमा पनि त्यस्तै हजुरआमाले बनाएको जस्तो चित्रहरू बनाएर प्रथम हुन थालें। यसरी नै मैले चित्र बनाउँदै जाने कामको सुरूवात भयो। तर पछि जब मेरो विवाह





भयो, मबाट चित्रकालकारितो एक प्रकारले हराउँदै गयो। केही समयपछि जनकपुरमा चित्रकला प्रदर्शनी भयो। त्यसमा ३६० महिला सहभागि थिए। त्यसमा म पनि सहभागी भएा र प्रथम हुन सफल भएँ। त्यसबाट मलाई हौसला मिल्यो। ३६० जनामा म प्रथम हुन सक्छु भने मैले अझ धेरै राम्रो गर्न सक्छु भन्ने लाग्यो। यस्तैमा चित्रकलामा रूची भएको २ जना महिलालाई तालिम दिने भन्ने कुरा थाहा पाएँ। त्यसमा पनि मेरो नाम परेछ। त्यस तालिमको समयमा पनि आफ्नो क्षमतालाई बाहिर ल्याउने अवसर मिल्यो। यसबाट पनि मलाई प्रेरणा मिल्दै गयो। यसको साथसाथै घर परिवारको पनि सहयोग मिल्यो।

सुरूमा त मलाई कठिनाई नै भयो। किनभने तालिमको अवधिमा मैले घरको सदस्यहरूलाइ मनाउनको लागि धेरै मेहनत गर्नुपऱ्यो। कठिनाई भए पनि परिवारका सदस्यहरूलाई मनाएर म त्यस तालिममा गएँ। विशेष गरी यसमा मेरो श्रीमानको ठूलो सहयोग छ।

यो १२/१३ वर्षको अवधिमा धेरै चुनौतीको सामना गर्नुपऱ्यो। घरबाट खुट्टा अगाडी बढायो भने हरेक पाइलामा चुनौती नै छ। त्यो चुनौती पार गर्दा-गर्दा यो अवस्थासम्म आइपुगेको छु। एक त महिलाको विवाह भइसकेपछि परिवार, बालबच्चामै सिमित हुनुपर्ने बाध्यता छ। एक विवाहित महिलाले घरको काम भ्याउनै पर्ने हुन्छ। त्यसमा पनि बाहिरको काम गऱ्यो भने अर्को समस्या आउँछ। मैले कसरी समय मिलाउने त यसमा विशेष ध्यान दिन थालें। त्यसमाथि समाजको बाधा त हुने नै भयो। त्यस किसिमका थुप्रै बाधाहरू मैले पक्कै भोगेको छु।

महिलालाई घरबाहिर निस्केर काम गर्नका लागि आफ्नो परिवारको सहयोग अवश्य चाहिन्छ। परिवारको सहयोग बिना कुनै पनि मानिस अगाडि बढ्न नै सक्दैन। त्यो चाहे पुरूष होस् या महिला। म बाहिर भएको समयमा घरको काममा श्रीमानले सहयोग गरिदिने, बच्चाको हेरविचार गरिदिने, म कता जानुपर्ने हो त्यो ठाउँ पत्ता लगाएर त्यहाँसम्म पुऱ्याइ दिने जस्ता थुप्रै सहयोग पाएको छु।

मैले यो मिथिला चित्रकला सुरू गर्दा कहिले काहिँ आफैलाई आत्मग्लानी हुन्थ्यो र छोडिदिउँ जस्तो लाग्दथ्यो। तर अहिले आएर यसको भविष्य एकदम राम्रो देखेको छु। यो सीता जन्मेको भूमि हो। यसलाई मिथिला राज्य भने पनि हुन्छ। पहिला धारणा के थियो भने मिथिला चित्रकला मधेशको हो र मधेशको मान्छेले मात्र बनाउँछ तर यो सत्यता होइन। हामी सबै यहि धर्तीमा जन्म लियौँ, यो चित्रमा कुनै जात छुट्टयाउन मिल्दैन। पहाड तराई भनेर छुट्टयाउन मिल्दैन। त्यसकारण यसको भविष्य म राम्रो देख्छु। पछि गएर विद्यार्थीले एसएलसी. दिएपछि अरू विषय पढे जस्तै मिथिला कला पनि पढ्न सकुन्। अहिले नै यस्तो समय नआए पनि केही समय पछि पक्कै पनि हुनेछ। यसमा प्रचारप्रसारको पनि जरूरी छ। केही समय अघि नै मैले *'समानता'* शीर्षक राखेर चित्रकला प्रदर्शनी गरें। त्यसमा समानताका साथसाथै अन्य सामाजिक परिवेश पनि देखाइएको थियो। बिना समानताले एउटा परिवार, समाज, देश अगाडि बढन सक्दैन। त्यस चित्रमा पनि मैले धर्मनिरपेक्ष नेपाल भनेर बनाएको थिएँ। त्यसपछि नारी शक्ति भन्ने थियो। यस्ता चित्रहरू धेरै थिए। एक जना मानिसले १०० जनाको आवाज बोल्न सक्दैन तर एउटा चित्र ती सय जनाको आवाज बोल्न सक्छ। त्यसकारण पनि मलाई लाग्छ यसको भविष्य राम्रो छ।

समाजमा महिलालाई के कस्ता समस्या छन्, ती समस्याहरू कसरी भइरहेको छ, महिलालाई के आवश्यक छ र त्यसलाई कसरी परिपूर्ति गरिरहेका छन् जस्ता सन्देश मैले आफ्नो चित्रमार्फत समाजलाई दिन खोजिरहेको छु। महिला के हो र महिलालाई यति हेला किन ? लिखित रूपमा अधिकार दिएको भए पनि त्यो कागजमा मात्र सिमित छ।

सुरूवात त मैले आफ्नो गाउँबाट नै प्रदर्शनी सुरू गरेको थिएँ। त्यपछि नगरपालिका, राजधानी काठमाडौं, पोखरामा गरें। त्यसपछि यूएईमा पनि मैले प्रदशनी गर्ने मौका पाएँ। त्यहाँ मैले प्रदर्शनीका साथै सम्मान पनि पाएँ। यससँगै भारत, यूरोपमा पनि प्रदर्शनी भयो। अहिले भर्खरै पछिल्लो पटक काठमाडौंमा प्रदर्शनी सम्पन्न भएको छ।

सुरूमा त मलाई पनि लाग्थ्यो कि यसबाट जिविकोपार्जन हुन सक्दैन तर अहिले म आफै भन्छु कि यसबाट जिविकोपार्जन गर्न सकिन्छ। मिथिला चित्रकलाबाट नामका साथसाथै आयआर्जन पनि गर्न सकिन्छ। चित्रकला आफैमा मूल्य नभएको वस्तु हो तर विदेशी पर्यटकले आफ्नो देश फर्कने क्रममा नेपालको मायाको चिनो लैजान खोज्छन्। त्यसमा पनि मिथिला चित्रकला अत्याधिक खोजि रहेका छन्। यो त विदेशी पर्यटकले लैजाने चित्रको माध्यमबाट भयो। चित्रको साथसाथै मैले टिर्सट, साडी, कुर्ता, व्याग आदिमा पनि पेन्टिङ गरिरहेको हुन्छु। यस्ता सामानहरू त देशभित्र पनि बिक्री भइरहेको छ। म लगायत मैले ८ जना महिलालाई काम दिइरहेको छु। उनीहरूले पनि त्यसबाट भएको आम्दानीले राम्ररी परिवार चलाइ रहेका छन्।





मिथिला चित्रकलालाई व्यवसायीकरण गर्नका लागि पहिला यसको प्रचार प्रसार जरूरी छ। अर्को कुरा, यसको बजारीकरण पनि आवश्यक छ। सरकारले पनि यसमा ध्यान दिनुपर्ने छ। बजारमा कस्तो किसिमको माग छ त्यसमा पनि निर्भर रहनुपर्छ।

मिथिला चित्रकला गर्न इच्छुक हुनेहरूका लागि पनि तालिम केन्द्रहरू खोल्नुपर्छ। यसको लागि सरकारलाई त घच्घच्याउनु त पर्छ।

*(कुराकानीको आधारमा)*

## संक्षिप्त समाचार

### खाद्य अधिकार सुरक्षित हुनुपर्छ : मुख्यमन्त्री

कैलाली। प्रदेश नं ७ का मुख्यमन्त्री त्रिलोचन भट्टले हरेक नागरिकको खाद्य अधिकार सुरक्षित हुनुपर्ने बताएका छन्। उनले खाद्य अधिकारबाट वञ्चित व्यक्तिका समस्या समाधान गर्न प्रदेश सरकार गम्भीर भएको बताएका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतबार बाढी, पहिरो र आरक्षपीडितको ज्ञापनपत्र बुझ्दै उनले यस्तो कुरा बताएका हुन्। मुख्यमन्त्री भट्टले बाढी, पहिरो र आरक्षपीडित सहितका जनताको खाद्य अधिकार सुनिश्चित गर्न नयाँ कानून बनाइने बताए।

### सवारी साधनहरूमाथि कारबाही तीव्र

कपिलवस्तु। आफ्नो सवारी साधनको क्षमताभन्दा अत्यधिक भार बोकी कपिलवस्तुको कृष्णनगर नाका हुँदै नेपाल प्रबेश गर्ने भारतिय मालबाहक सवारी साधनहरू माथि कपिलबस्तु ट्राफिक प्रहरीले कारवाही तिब्र बनाएको छ। धेरै समय पहिलेदेखि नै ओभरलोड नियन्त्रणका लागि सक्रिय रूपमा काम गरिरहेको कपिलबस्तु ट्राफिक प्रहरीले भारतिय सवारी साधनले ल्याएको अत्यधिक भारलाई भारमिलान गरि जरिवाना समेत गर्न थालेको र तौलपूर्जि अनिबार्य गरेपछि उनिहरूले भारतिय तौलपूलमा काटा गरेको तौलपूर्जी ल्याउने गरेको र त्यसमा सवारीको भारबहन क्षमता अनुसार कै तौल भेटिएपछि ओभरलोड नियन्त्रण भएको छ भन्ने विश्वासमा ट्राफिक प्रहरी रहेको थियो।

### फलामको किलाले लागेर एकको मृत्यु

मोरङ। मोरङको धनपालथान-१ स्थित भित्री सडकखण्डमा ट्र्याक्टरको ट्रलीमा जोडेको फलामको किलाले लागेर सहचालकको मृत्यु भएको छ। कदमाहा-गडेरिया भित्री सडकखण्डमा कदमाहाबाट गडेरियातर्फ जाँदै गरेको को १ त ६७६० नम्बरको ट्र्याक्टरको ट्रलीमा जोडेको फलामको किला उछिट्टिएर छातीमा लाग्दा भारत अररिया जिल्ला बस्ने ४० वर्षीय साजित मिँयाको मृत्यु भएको हो। ट्र्याक्टरलाई नियन्त्रणमा लिए पनि चालक फरार रहेकाले खोजी भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङले जनाएको छ।

### बर्दियामा बम विस्फोट

बर्दिया। जिल्लाको एक नगरपालिकामा बम विस्फोट भएको छ। मधुवन नगरपालिकाको कार्यालय सानोश्रीमा आइतबार साँझ अपरिचित व्यक्तिले बम विष्फोट गराएका छन्। मोटरसाइकलमा आएका अपरिचित व्यक्तिले नगरपालिका कार्यालय परिसरमा बमसहितको झोला फ्याँकेको केहीबेरमा विस्फोट भएको बताइएको छ। कार्यालय परिसरमा बम फ्याँकिएको केही मिनेटभित्रै विष्फोट भएको थियो। बम विष्फोटबाट नगरपालिका कार्यालयको झ्याल र भित्तामा क्षति पुगेको प्रहरीले जनाएको छ।

### ट्याक्टर दुर्घटनामा युवकको मृत्यु

रौतहट। रौतहट जिल्लाको वीरेन्द्र राजमार्गअन्तर्गतको झुनखुनवा नजिक आइतबार विहान भएको सवारी दुर्घटनामा एकजना युवकको मृत्यु भएको छ। गरूडावाट गौरतर्फ आउँदै गरेको ना ३ त ३६४६ नम्बरको दुर्घटना हुँदा स्थानीय राजदेवी नगरपालिका वार्ड नम्बर ७ मुडवालवा निवासी १७ वर्षीय दिलोज कुमार यादवको मृत्यु भएको छ। दाईको दुरागमनको जनतीमा गएका ट्रेक्टरमा बसेर फर्किने क्रममा घटना घटेको हो। घटनामा सामान्य घाइते भएका एक जनाका अनुसार टिपरले पछाडिबाट ठक्कर दिँदा ट्रैक्टर सडकको पूर्वतर्फमा पल्टिएको हो।

### माइक्रोबसको ठक्करबाट दुईको मृत्यु

सप्तरी। फत्तेपुर-कञ्चनपुर सडक खण्डअन्तर्गत मलेठमा माइक्रोबसमा मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु भएको छ। फत्तेपुरबाट काठमाडाँ जाँदै गरेको बा ४ ख ८२४ नं को हायस माइक्रोबसले कञ्चनरूप नगरपालिका-६ मलेठस्थित मोडमा घुमाउने क्रममा पछाडिबाट आइरहेको को ३१ प ३३५० नं को मोटरसाइकल ठोक्किँदा सो दुर्घटना हुँदा मोटरसाइकल चालक उदायपुर, बोल्का नगरपालिका, तपेश्वरी बस्ने २५ वर्षीय राजेशकुमार साह र पछाडि सवार सुनसरी, इनरूवा नगरपालिका २ बस्ने २६ वर्षीय दिलीपकुमार साहको मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

नेपालगञ्ज। नेपालगञ्ज-कोहलपुर सडकखण्डको पार्वतीपुरमा भएको मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु भएको छ। दुर्घटनामा कालीकोट जिल्ला खिना-६ का ४१ वर्षीय पुन्नबहादुर बमको नेपालगञ्ज नर्सिङ होममा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। नेपालगञ्जबाट कोहलपुरतर्फ जाँदै गरेको भे ७ प ९१४१ नंको स्कुटी आज बिहान सडकको बीचभागको डिभाइडरमा ठोक्किएर दुर्घटना भएको थियो।

### जंगली हात्तीको आक्रमणबाट दुईको मृत्यु

झापा। झापाको बिर्तामोड नगरपालिका-७ मा जंगली हात्तीको आक्रमणमा परी दुई जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा बिर्तामोड नगरपालिका - ३ मियाबारी निवासी ७० वर्षीय च्याङ्ग्रा राजवंशी र बिर्तामोड नगरपालिका-७ निवासी ७० वर्षीय लसुने मियाँ रहेको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ। घर नजिकैको दुन्दर निचाझोडा सामुदायिक वनमा दाउरा खोज्न गएका उनीहरूलाई आज दिउँसो १२ बजे जंगली हात्तीले लछारपछार पार्दै खुट्टाले कुल्चिएर मारेको प्रहरीले जनाएको छ।

कृषि सडकको व्यापक विस्तार स्थानीय पूर्वाधार विकासको मूल आधार।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR)

क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू

# 'इपिजीको प्रतिवेदन दुवै मुलुकका लागि सकारात्मक'

काठमाडौं । नेपाल-भारत सम्बन्धलाई समग्रतामा अध्ययन गरी सुझाव पेश गर्न गठित प्रबुद्ध व्यक्ति समूह (इपिजी)को प्रतिवेदन दुवै देशका लागि सकारात्मक हुने बताइएको छ ।



समूहको सातौँ बैठकपछि आयोजित पत्रकार सम्मेलनमा उक्त समूहका नेपाल संयोजक डा भेषबहादुर थापा र भारतीय पक्षका संयोजक भगतसिंह कोशियारीले दुई देशको सम्बन्धलाई अझ उचाइमा पुऱ्याउने गरी प्रतिवेदन ल्याइने प्रतिबद्धता व्यक्त गरे ।

दुई देशको सम्बन्धलाई अझ प्रगाढ बनाउने र समयसापेक्ष आधार खडा गर्ने उद्देश्यमा कुनै उतारचढाव आएको छैन भन्दै डा थापाले भने- 'अहिलेसम्म १९५०को सन्धिदेखि लिएर सीमासम्मका विषयमा आफ्ना अवधारणा प्रस्तुत गरिएको छ, यसलाई सकारात्मकबाहेक अरू केही भन्न सकिँदैन ।'

केही महिनाभित्र सकारात्मक प्रतिवेदन दिइने विश्वास दिलाउँदै उनले आफूहरूले सकारात्मक वार्ताका माध्यमबाट दुई देशको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्य लिइएको बताए ।

भारतीय पक्षका संयोजक कोशियारीले इपिजीको प्रतिवेदनबाट कोही पनि निराश नहुने विश्वास व्यक्त गरे । उनले भने, 'म भारतीय सरकारको पक्षबाट यो प्रतिबद्धता व्यक्त गर्छु कि प्रतिवेदनबाट दुई पक्ष खुशी हुनेछन्, कोही पनि निराश हुनुपर्ने छैन ।'

विसं १९५० को सन्धि, व्यापार, वातावरण, जलविद्युत्लगायत विभिन्न विषयमा आधारित भएर बैठकमा छलफल भएको बताउँदै संयोजक कोशियारीले विकास, सहयोग र एक अर्का देशका चासोलाई विशेष ध्यान दिएर विचारविमर्श भएको स्पष्ट पारे । भारत-नेपालका सम्बन्धमा कहिलेकाहीँ गलत बुझाइ हुने गरेको उल्लेख गर्दै उनले वार्तामार्फत दुई देशबीच भएका सन्धिसम्झौतालाई छलफल गरेर प्रष्टता ल्याउन लागिएको बताए ।

द्विपक्षीय सम्बन्धका साथै नेपाल र भारतबीच सन् १९५० मा भएको शान्ति तथा मैत्री सन्धि र अन्य सन्धिसम्झौताको नवीकरण, तिनको परिमार्जन र सुधारका निम्ति सुझाव दिन प्रबुद्ध व्यक्ति समूह गठन गर्न दुवै मुलुकका प्रधानमन्त्रीबीच सहमति भएअनुसार समूह गठन भएको थियो । सन् २०१६ जुलाईमा पहिलो बैठक बसेको इपिजीको कार्यकाल आगामी चार महिनामा समाप्त हुँदैछ । अर्को बैठक नयाँ दिल्लीमा बस्नेछ ।

## कविता

### देशक होली



विजय मण्डल

चलु यिबेर फेरसे खेलब वेहे होली
वेहे अपन गाम वेहे अपन ठाम
माईटक सुबाद वेहे पाईनक मिठासो
वेहे साथी वेहे संघी



चलु यिवेर फेरसे खेलब होली
रंग वेहे लगेवेटा करब
करया लाल या हरीयर
कि फरक अईछ
रंग त लगेवेटा करब

चलु यिबेर फेरसे खेलब वेहे होली
भांग के माजा भउजी संग होली
माईके प्यर ओर बाबुजीके आसीर बाद
लेबेटा करब





चलु यिबेर फेरसे खेलब वेहे होली
जोगीरा के सर ररर मे नाचबेटा करब
मटका फोरबेटा करब



चलु यिबेर फेरसे खेलब वेहे होली
वेहे अपन गाम वेहे अपन ठाम
माईटक सुबाद वेहे
पाईनक मिठासो

चलु यिबेर फेरसे खेलब वेहे होली
yoursbeej@gmail.com

# नेपाल-भारत सम्बन्धमा नयाँ आयामको आवश्यकतामाथि जोड

काठमाडौं । अन्तर्राष्ट्रिय कूटनीतिक मामिलाका जानकारले २१औं शताब्दीको आधुनिक युगमा नेपाल-भारत सम्बन्धमाथि नयाँ आयामको आवश्यकता रहेकामा जोड दिएका छन् ।

'एकीकृत विकास अध्ययन संस्था' (आइआइडिएस) ले काठमाडौंमा आयोजना गरेको '२१औं शताब्दीमा नेपाल-भारत सम्बन्धमाथि आकांक्षा र चुनौती' विषयको कार्यक्रममा उनीहरूले द्विपक्षीय सम्बन्धका चुनौती समाधान गर्न नागरिकस्तरसम्म बहसको आवश्यकता रहेको धारणा व्यक्त गरे ।



कार्यक्रममा नेपाल-भारत प्रबुद्ध व्यक्ति समूहका नेपाल संयोजक डा भेषबहादुर थापालेसदियौँदेखि सुमधुर रहँदै आएको र नयाँ युगमा नेपाल-भारतबीचको सम्बन्धमा थप विस्तारका लागि दुवै मुलुकबीचका सन्धिसम्झौताको अध्ययन गर्न आवश्यक गृहकार्य भइरहेको जानकारी दिए ।

नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह, भारतका सदस्य एवं जवाहरलाल नेहरू विश्वविद्यालयका प्रा महेन्द्र पी लामाले सो विषयमा कार्यपत्र प्रस्तुत गर्दै नेपाल-भारतबीचको सम्बन्धलाई द्विपक्षीय हितका विभिन्न आयाममा विस्तार गर्न सके दिगो हुने सुझाव दिए ।

संस्था सञ्चालक परिषद्का अध्यक्ष डा मोहनमान सैंजुले अन्तर्राष्ट्रिय सम्बन्धमा विश्वमै नयाँ आयाम विकास भइरहेका सन्दर्भमा नेपाल-भारतबीचको सम्बन्धलाई एकाकी नभई बृहत् र बहूपयोगी बनाउनुपर्ने विचार व्यक्त गरे ।

कार्यक्रमका सहभागीले दुई मुलुकबीचका समस्या समाधानमा सरकारसँगै नागरिक समाज र विद्वत् समूहले पनि आवश्यक भूमिका खेल्नुपर्ने धारणा व्यक्त गरे ।

# कोलकातामा "पानीघट्ट"



काठमाडौं । लमजुङको ग्रामीण भेगलाई आधार बनाएर निर्मित नाटक 'पानीघट्ट' भारतको कोलकातामा शनिबार मञ्चन गरिएको छ । पानीघट्ट र ठाडोभाकाबारे कुनै जानकारी नभएका दर्शकले नाटक हेरेपछि आफूहरू दंग परेको प्रतिक्रिया दिए । नेपाली संस्कृति र वर्तमान समाजको यथार्थ नाटकमा भेटेको उनीहरूले बताएका छन् । कोलकाताको नागेरबजारस्थित अजितेश मञ्चमा आयोजित अन्तराष्ट्रिय नाटक उत्सवमा मञ्चित नाटक हेर्न प्रवासी नेपाली तथा गैरनेपालीको भीडभाड थियो । नाट्य युद्धले चौथो शम्भु मित्र एन्ड बिजन भट्टचर्जी स्मृति नाट्य उत्सव आयोजना गरेको हो । यही फागुन ११-१३ सम्म हिन्दी, बंगाली, नेपालीसहित ११ नाटक मञ्चन गरिएको थियो । 'पानीघट्ट' नाटक हेर्न आमा रमितासिंहसँगै आएकी छोरी सन्तोषीले नेपाली संस्कृति हेर्दा निकै खुशी लागेको बताइन् । लमजुङकी लीला गुरूङले परदेशमा आफ्नो संस्कृति देख्न पाउूदा गाउूमै भएको अनुभूति लिइन् । संयुक्त नेपाली केन्द्रीय सेवा संघका अध्यक्ष नरविक्रम थापा, भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्चका अध्यक्ष राजु पाठक, नेपाल पारवाहन तथा गोदाम कं लिमिटेडका विशेष अधिकृत लक्ष्मण खड्का, समाजसेवी रामप्रसाद बराललगायतले प्रवासी नेपाली समुदायबाट नेपाली कलासंस्कृति लोप हूदै गएको अवस्थामा यसलाई जोगाउनुपर्छ भन्ने पाठ 'पानीघट्ट'बाट अवगत भएको बताए । सवा एक घण्टाको 'पानीघट्ट' मा वैदेशिक रोजगारी र यसपछिका समस्या, बसाइूसराइ र युवाशक्ति पलायन हूदा गाउूमा देखिने सामाजिक तथा सांस्कृतिक समस्यालगायत उजागर गरिएको छ ।

# प्रदेश सरकारलाई भवन निर्माणका लागि जग्गा दिने

**चन्द्रकान्त खनाल, रूपन्देही ।** बुटवलमा प्रदेशका मन्त्रालय राख्न भवन खोजिरहेको बेला मणिग्रामस्थित राममणि बहुमुखी क्याम्पसले आफ्नो २ वटा भवन उपलब्ध गराउने भएको छ ।

तिलोत्तमा नगरपालिका राजनिति दल नगरपालिका र तिलोत्तमा नगरपालिका मेयर लगायतका जनप्रतिनिधिको सहभागितमा उक्त भवन उपलब्ध गराउने सहमति भएको हो ।

साथै प्रदेश सरकारको स्थायी संरचना निर्माणका लागि तिनाउ करिडोरको करीब चालीस विगाहा जमीन नगरपालिकाको पहलमा सरकारलाई उपलब्ध गराउ सहमत भएको छ । क्याम्पस सञ्चालक समितिका अध्यक्ष रोमणीप्रसाद पाठकले मन्त्रालय सञ्चालनका क्रममा क्याम्पसका शैक्षिक एवम् प्राज्ञिक क्रियाकलाप सहज बनाउन र क्याम्पसको लागि आवश्यक पर्ने थप भौतिक संरचना निर्माणका लागि आफूहरू प्रतिबद्ध रहेको बताए । प्रदेशसभाका विधायकद्वय बलदेव शर्मा पोखरेल र रमा अर्यालले प्रदेशका तर्फबाट आफूहरूले क्याम्पसको सुदृढिकरणमा सहयोग वताए ।तिलोत्तमा नगरपालिकाका नगरप्रमुख बासुदेव घिमिरेले क्याम्पस भवन मन्त्रालयलाई दिँदा क्याम्पसलाई आवश्यक पूर्वाधारको लागि काम गर्न नगरपालिका तयार रहेको वताए ।

घरजग्गा व्यवसायी संघ रूपन्देहीका अध्यक्ष दशरथ पौडेलले मणिग्राम क्षेत्रमा मन्त्रालय सञ्चालन गर्दा क्याम्पसका लागि गर्नुपर्ने भौतिक विकाशमा आफूहरूले सहयोग गर्ने वताएका छन । तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष गुणनिधि भण्डारी, तिलोत्तमा व्यापार संघका अध्यक्ष जे.पी. कण्डेल, नेकपा माओवादी केन्द्रका नगर इन्चार्ज लक्ष्मण खनाल, नेकपा एमाले नगर सह-संयोजक वेद गिरी, नेपाली काँगेसका नगर सचिव शिवप्रसाद गैरे लगायतले यस नगरमा सरकार सञ्चालन गर्दा क्याम्पसका लागि गर्नुपर्ने सहयोगमा आफूहरू सदैव तत्पर रहेको बताएको राममणि क्याम्पसका प्रशासकिए अधिकृत मुक्तीनाथ गैहेले बताए ।

# पर्यटकीय क्षेत्र सौराहाको विकासका लागि संघको रणनीति

रूपन्देही । रूपन्देही उद्योग संघको दुईवर्षे कार्य योजना तर्जुमा रणनिति गोष्ठी चितवनको सौराहामा भएको छ । संघको दीर्घकालीन विकासका लागि आवश्यक रणनीति तयार गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका कार्ययोजनाहरू निर्माण गर्न बुटबलभन्दा बाहिर चितवन आएको बताएका छन् ।

तीनदिने गोष्ठीमा संघलाई व्यवस्थित र परिमाजित अवस्थामा अगाडि बढाउन नसकेमा गन्तव्यमा पुग्न सकिने खालको रणनिति बनाउने संघका अध्यक्ष गणेशप्रसाद अधिकारीले बताए । उनले संस्थागत विकासका लागि आवश्यक गर्ने आर्थिक कार्ययोजना, नेतृत्वको दायित्व, नीतिगत निर्णयहरूमा पहुँच पुराउन मद्दत गर्ने खालका रणनिति बनाउने बताए ।

अधिकारीले भने कार्ययोजना तयार गर्नु ठूलो कुरा होइन त्यसको कार्यन्वयन महत्वपूर्ण हुने बताउँदै सबै सदस्यहरू त्यसमा कटिबद्ध हुन आग्रह गरे । संघलाई प्रविधि र पूर्वाधारमा आत्मनिर्भर बनाउँदै नयाँ स्रोतको पहिचान गर्नु आजको आवश्यकता भएको उनले बताए ।

संघका निवर्तमान अध्यक्ष दिनेशराज रेग्मीले संघको स्रोतहरूको प्रभावकारी परिचालन तथा कार्ययोजना बनाउन गोष्ठीले महत्वपूर्ण भूमिका खेल्ने वताए । संघले पहिले बनाएका कार्ययोजनाहरूको कार्यान्वयनले संघलाई व्यवस्थित रूपमा संस्थागत स्वरूप बनाउन सघाएको बताउँदै यस गोष्ठीले थप नयाँ योजनाहरू बनाउने विश्वास व्यक्त गरे । गोष्ठीमा संघले अघिल्लो बर्ष तयार गरेको कार्ययोजनाको समिक्षा गर्दै व्यवहारमा कार्यान्वयन कति भएको छ भन्ने बारेमा सुरूमा छलफल गरिएको थियो । संघले २०५४ सालबाट कार्ययोजना कार्यशाला गोष्ठी गर्दै आएको छ । गोष्ठीमा संघको संस्थागत विकासका लागि आवश्यक विभिन्न क्षेत्र पहिचान गरी दीर्घकालिन रणनीति तयार गर्ने संघका प्रमुख कार्यकारी अधिकृत यादव भण्डारीले बताए ।

गोष्ठीबाट संघको साधन स्रोतहरूको पहिचान र प्रभावकारी कार्यान्वन,उद्योगी सदस्यहरूको सक्रियता, कार्यसमिति र कर्मचारीहरूको नेतृत्व एंव क्षमताको परिचालनको खोजी गर्ने भन्डारीले बताए। संघका वरिष्ठ उपाध्यक्ष बाबुराम बोहोरा महासचिव कृष्ण प्रसाद पराजुलीले अरूण रेग्मीले लगायतले बोलेका थिए ।

## दुवै मुलुकले विकास र समृद्धिमा ध्यान दिनुपर्छ : कोस्यारी



काठमाडौं । भारतीय जनता पार्टीका नेता भगतसिंह कोस्यारीले नेपाल-भारत सम्बन्धलाई प्रगाढ बनाएर दुवै मुलुक विकास र समृद्धिलाई ध्यान दिनुपर्ने बताएका छन् । नेपाल-भारत सम्बन्धलाई समग्रतामा अध्ययन गरी सुझाव पेश गर्न गठित प्रबुद्ध व्यक्ति समूह (इपिजी)का भारतका संयोजक समेत हुन् कोस्यारी । कोस्यारीले भर्खरै गठन भएको सरकारसँग जनताको उच्च अपेक्षा रहेकाले जनआकांक्षा पूरा हुने विश्वास व्यक्त गरे ।

## ओली सरकारको मन्त्रिमण्डल विस्तार



काठमाडौं । कपी शर्मा ओली नेतृत्वको सरकारको मन्त्रिमण्डल विस्तार भएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ गराएकी छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा प्रधानमन्त्री ओलीको उपस्थितिमा चार मन्त्रीलाई पद तथा गोपनीयताको शपथ दिलाइएको हो । ईश्वर पोखरेल, रामबहादुर थापा, मातृका यादव र डा युवराज खतिवडा ले शपथ ग्रहण गरेका छन् । पोखरेल रक्षा, थापा गृह, यादव उद्योग, वाणिज्य तथा आपूर्ति र डा खतिवडा अर्थ मन्त्री बनेका छन् ।

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहनुपर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## विश्व समुदाय...

# बलिउडकी चर्चित अभिनेतृ श्रीदेवीको देहावसान



वैवाहिक समारोहका लागि दुवईमा पुगेका बेला हृदयघात भएर श्रीदेवीको निधन भएको छ। सन् १९६३ अगस्ट १३ तारिखमा भारतको तामिलनाडुमा जन्मिएकी श्रीदेवीले झण्डै चार वर्षकी हुँदै तमिल चलचित्र कंधन करूणईमा अभिनय गरेकी थिईन्। उनले बाल कलाकारको रूपमा 'मे तेलुगु' र 'मलयालम' चलचित्रमा पनि अभिनय गरेकी थिइन्। उनले ३ सय भन्दा धेरै चलचित्रमा अभिनय गरेकी छिन्। श्रीदेवीले नगिना, हिम्मतवाला, मिष्टर इण्डिया, चालबाज लगायत दर्जनौ हिट चलचित्रमा अभिनय गरेकी छिन्।

हिम्मतवालाको 'नैनो में सपना', मिस्टर इन्डियाको 'हावा हवाइं', नागिनाको 'मै तेरी दुश्मन', चाँदनीको 'मेरे हाथो मैं नौ नौ चुडीयाँ', आदि फिल्मी नृत्यमा श्रीदेवी निकै चर्चित छिन्।

श्रीदेवीलाई भारतकी पहिलो 'महिला सुपरस्टार' का रूपमा लिइन्छ। उनी चाएल्ड आर्टिस्टको रूपमा सन्१९७५ को 'जुले' फिल्मबाट बलिउडमा प्रवेश गरेकी थिइन्। उनले १३ वर्षको उमेरमा मुन्द्रु मोदीक्षुमा एडल्टको भूमिकामा पहिलो पटक अभिनय गरेकी थिइन्।

श्रीदेवीको ५४ बर्षको उमेरमा निधन भएको छ। फ्रेब्ररी २५ शनिवार राति ११ः०० देखि ११ः३० बीचको समयमा युएईमा हृदयघातबाट उनको निधन भएको जनाइएको छ। श्रीदेवी विवाह समारोहमा भाग लिन पति बोनी कपुर र कान्छी छोरीका साथ युएई गएकी थिइन्। श्रीदेवीको निधनको खबरले भारतीय फिल्मका नायक नायिका पनि स्तब्ध भएका छन्। बोनी कपुरकी दोश्री श्रीमती श्रीदेवीका जान्हवी र खुशी दुई छोरी छन्।

भारतीय चलचित्रकर्मीहरूले श्रीदेवीको निधनप्रति शोक व्यक्त गरेका छन्। भारतमा उनको निधनले सबैलाई स्तब्ध बनाएको छ।

चर्चित फिल्म निर्माता बोनी कपुरसँग विवाह गरेर फिल्म क्षेत्रबाट केही समय टाढा रहेकी श्रीदेवीले 'इंग्लिश भिङ्गलिस'बाट सन् २०१२ मा पुन फिल्म क्षेत्रमा प्रवेश गरेकी थिइन्। उक्त फिल्मले उनको लोकप्रियतालाई थप उचाइमा पुर्याएको थियो। उनको अन्तिम फिल्म मम २०१७ मा सार्वजनिक भएको थियो। त्यसमा उनले गरेको आमाको भूमिकाले निकै प्रशंसा पाएको थियो। उक्त चलचित्रबाट उनले उत्कृष्ट नायिकाको 'जी सिने अवार्ड' पनि प्राप्त गरेकी थिइन्।

'रूप कि रानी' उपनामले चर्चित श्रीदेवीको हिम्म्तावाला, सदमा, मिस्टर इन्डिया, नगिना, चाँदनी, चालबाज, लम्हे, गुमराह, खुदागवाह, जुदाई जस्ता दर्जनौं लोकप्रिय फिल्महरू छन्। श्रीदेवीको पहिलो हिन्दी फिल्म 'सोलाह सावन' सन् १९७९ मा सार्वजनिक भएको थियो। तर उनको लोकप्रियता सन्१९८३ मा आएको फिल्म 'हिम्म्तावाला' ले दिएको थियो। हिम्मतवाला पछि उनका धेरैजसो फिल्महरू हिट हुँदै गए।

सन् १९८९ को फिल्म 'चालवाज' र सन् १९९१ को 'लम्हे' ले उनको क्यारिअरमा थप सफलता दिलाएको थियो। ती दुई फिल्ममा उनले सार्वाधिक प्रतिष्ठित अवार्ड 'फिल्म फेयर अवार्ड' जित्न सफल भएकी थिइन्।

## थारूलाई पनि मन्त्री बनाउन माग

काठमाडौं। थारू समुदायलाई जनसंख्याको अनुपातमा केन्द्र तथा प्रदेशमा मन्त्री बनाउन माग गरिएको छ। थारू समुदाय राज्यबाट उपेक्षामा परेको गुनासो गर्दै थारू समुदायका अगुवाहरूले यस्तो माग गरेका छन्। देशमा क्रान्तिकारी राजनीतिक परिवर्तनका लागि आन्दोलनमा थारूले आफ्नो जीवन उत्सर्ग गरेको थारू नेताहरूको भनाइ थियो। नेकपा (एमाले)का केन्द्रीय सदस्य भगवती चौधरीले सरकारमा थारू समुदायलाई समानुपातिक सहभागिता गर्नुपर्नेमा जोड दिँदै थारूले सम्मानजनक मन्त्रिपरिषद्मा स्थान पाउनुपर्ने बताइन्। थारू संघर्ष समितिका अगुवा एव अभियन्ता डा सुरेन्द्रकुमार चौधरीले नेपालको ७० वर्ष लामो राजनीतिक इतिहासमा थारूले बलिदान गरेको स्मरण गर्दै राज्यले उनीहरूमाथि विभेद गर्न नहुने बताए।

## सूर्यकिरण संयुक्त अभ्यास स्वीकृत

काठमाडौं। नेपाली र भारतीय सेनाबीचको सूर्यकिरण संयुक्त अभ्यास स्वीकृत भएको छ। नवनियुक्त रक्षामन्त्री ईश्वर पोखरेलले नेपाली र भारतीय सेनाबीच सञ्चालन हुने सूर्यकिरण संयुक्त अभ्याससम्बन्धी फाइल स्वीकृत गरेका छन्।

भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौंको सूचना

तपाईंले आयात/निर्यात गर्न लागेको सामानमा कति महसुल लाग्दछ ? कति छुट पाउनुहुन्छ वा आयात/निर्यात प्रतिबन्ध छ ?

जस्ता,

भन्सार सम्बन्धी कुनै जिज्ञासा भएमा हामीलाई सम्फनुहोस्। हामी तपाईंको जिज्ञासाको समाधान गर्ने प्रयास गर्नेछौं। आफ्नो जिज्ञासाका सम्बन्धमा कार्यालय समयभित्र स्वयम् उपस्थित भएर वा फोन मार्फत् पनि सम्पर्क राख्न सक्नुहुनेछ।

भन्सार विभाग सेवाग्राही सेवाकक्ष

त्रिपुरेश्वर, काठमाडौं।

फोन नं. ०१४२५९८६१

टोल फ्रि नं. १६६००१२१२२३

इमेल : csd@customs.gov.np

भूकम्प प्रतिरोधात्मक भवन बनाउन राष्ट्रिय संहिताको पालना गरौं। दक्ष प्राविधिक र भूकम्प प्रतिरोध तालिम प्राप्त कालिगढको प्रयोग गरी भवन निर्माण गरौं।

नेपाल सरकार, शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

डिभिजन कार्यालय काठमाडौं

बबरमहल, काठमाडौं।

## जिल्ला समाचार

### कपिलवस्तुमा कांग्रेसको कार्यसमिति विस्तार

कपिलवस्तु। नेपाली कांग्रेस कपिलवस्तुले जिल्ला कार्य समिति विस्तार गरेको छ। पार्टी सभापति सुरेन्द्रराज आचार्यले नेपाली कांग्रेसको विधानअनुसार कार्यसमिति विस्तार गरेको जनाएका छन्। पार्टीको विधान २०१७ संशोधन र परिमार्जित परिच्छेद ३ को १०/५ ख बमोजिम समिति विस्तार गरिएको छ। जसअर्न्तरगत जिल्ला कार्य समितिमा सुधाकर पाण्डेय, ललित गुरूङ्ग, हुमकान्त खनाल र हरिराज घिमिरे रहेका छन्। संगठनलाई बलियो बनाउन र सांगठनिक कार्य गर्नका लागि समिति विस्तार गरिएको सभापति आचार्यले बताए। अन्य बाँकी सदस्यहरूलाई क्रमशः गर्दै जाने बताइएको छ।

### नागरिक सम्वाद मञ्चको बैठक सम्पन्न

वीरगंज। वीरगन्जमा नागरिक संवाद मञ्च पर्साको बैठक सम्पन्न भएको छ। सेफर वर्ल्डको सहयोगमा जन जागरण युवा क्लब जेजवाईसी बाराद्वारा सञ्चालित सुन्दर शान्त परियोजना नेपाल कार्यक्रम मार्फत गठिन मञ्चको बैठक बसेको हो। मञ्च पर्साका संयोजक ओमप्रकाश सर्राफको अध्यक्षतामा बसेको बैठकले मञ्च पर्सा शाखाको आचार संहिता निर्माण गरेको छ। मञ्चमा आवद्ध च्याम्पियनहरूको उपस्थितिमा बसेको बैठकले पर्सा जिल्लामा विद्यमान द्वन्द्वका मुद्धाहरूको पहिचान गर्ने र द्वन्द्व समाधानका लागि कार्ययोजना बनाउने समेत निर्णय गरेको छ। होटल कुमु प्यालेसमा बसेको बैठकले त्यसका लागि उप समिति समेत गठन गरेको जेजेवाईसीका प्रतिनीधि विक्की महतोले जानकारी दिए। बैठकले नागरिक संवाद मञ्चलाई सक्रिय बनाउन आवश्यक विभिन्न निर्णय गरेको संयोजक सर्राफले बताए।

### निशुल्क स्वास्थ्य शिविर सम्पन्न

रौतहट। रौतहट जिल्लाको राजदेवी नगरपालिका र दुर्गाभगवती गाउँपालिकामा भी एस ओको आर्थिक सहयोग र माण्डवीको आयोजनामा दुइ दिवसीय निशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। चिसो मौसमको समाप्ति पछि गर्मी मौसमको आगमन हुनलाग्दा हुने विभिन्न किसिमको संक्रमण रोक्ने उदेश्यले स्वास्थ्य शिविरको आयोजना गरिएको थियो। दुर्गाभगवती गाउपालिका वार्ड नंबर १ स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा आयोजना गरिएको शिविरको गाउँपालिका प्रमुख अरूण कुमार साह उदघाटन गरेको आयोजक ससथलए जनाएको छ। जिल्ला जनस्वाथ्य कार्यालयको सहभागिता समेत रहेको शिविरमा जेनरल मेडिसिन्स ,आँख ,कानको चिकित्सकहरूको टीमले २९० जनाको स्वास्थ्य परिक्षण गरेको थियो। शिविरमा आएका वृद्ध जेष्ट नागरिकलाइ उपचारको साथै दोसल्ला ओढाएर सम्मान गरिएको जनस्वास्थ्य कार्यालयका अधिकृत नागेश्वर जैसवालले बताएका छन्।

### रौतहटमा बन्चरो प्रहार गरी एकजनाको हत्या

रौतहट। रौतहट जिल्लाको कटहरिया नगरपालिका वार्ड नम्बर १ मा सोमबार राति एक जनाको हत्या भएको छ। स्थानीय महेन्द्र महतो नुनियाको ४० वर्षीय छोरा शिवमंगल महतो नुनियाको अज्ञात समूहले बनचरो प्रहार गरी हत्या गरेको हो! छेदी चौक नजिक खेतमा हत्या गरी फालेको अवस्थामा महतो शव बरामद भएको हो। स्थानीय कुन्ती देवीको घरको पछाडिमा घोप्टो परेको अवस्थामा महतोको शव बरामद भएको इलाका प्रहरी कार्यालय कटहरियाको प्रहरी नायव निरीक्षक लक्ष्मीनारायण राउतले बताएका छन्। स्थानीय वडाका निर्वाचित वड़ा अध्यक्ष राजकुमार साहले घरको पछाडि टाट टुटेको र त्यही नजिकमा महतो मृत अवस्थामा रहेको बताएका छन्। घरमा ताल्चा लागेको र भित्रमा बति बलिरेहको थियो अध्यक्ष साहले बताए। मृतक महतोको टाउकोको विच भागमा धारिलो हतियारले प्रहार गरिएको देखिएको छ। तीन ठाउँमा नै काटिएको प्रहरी नायव निरीक्षक राउतले बताए।

### अवैध मदिरा नष्ट

सप्तरी। प्रहरीले सप्तरीको सप्तकोशी नगरपालिका- १० बाट अवैध मदिरा बरामद गरेको बताइएको छ। सप्तरीको प्रहरी चौकी फत्तेपुरबाट खटिएको टोलीले स्थानीय गुनेलाल मलाह र धडकन मलाहको घरबाट अवैध तयारी घरेलु मदिरा २५० लिटर र मदिरा बनाउनमा प्रयोग हुने कच्चा पदार्थ २५ ड्रम बरामद गरिएको इलाका प्रहरी कार्यालय, कञ्चनपुरले जनाएको छ। यता बरामद गरिएको अवैध मदिरा र त्यसमा प्रयोग हुने पदार्थ स्थानीय भद्रभलादमीको रोहबरमा नष्ट गरिएको प्रहरीले जनाएको छ।

### स्वतन्त्रता सेनानी उपाध्यायको निधन

दाङ। स्वतन्त्रता सेनानी तथा शिक्षाप्रेमी ईश्वरीप्रसाद उपाध्यायको ९३ वर्षका उमेरमा सोमबार निधन भएको छ। तुलसीपुर-१२, कचिला निवासी उपाध्याय काँग्रेसका पुराना निष्ठावान् नेता हुनुहुन्थ्यो। उपाध्यायले पञ्चायतकालमा १८ वर्षसम्म साविक उरहरी गाविसको प्रधानपञ्च भएर सामाजिक विकासमा महत्वपूर्ण योगदान गरेका थिए। वनगाउँस्थित माध्यमिक विद्यालयलाई १८ बिघा जग्गादान गरेर त्यस भेगको शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याउनुभएका उपाध्यायले उरहरी मावि तथा बालमितेरी मावि भोजपुरको स्थापनामा अग्रणी भूमिका निर्वाह गरेका थि।

### "आधुनिक कृषि थोक बजार" निर्माण गरिने

वीरगन्ज। नगवास्थित खाली सार्वजनिक जग्गामा 'आधुनिक कृषि थोक बजार' निर्माण गरिने भएको छ। त्यसका लागि गुरू योजना तयार भइरहेको छ। कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालयको आ.व. ०७४र७५ मा स्वीकृत कार्यक्रम अनुसार वीरगञ्ज महानगरपलिकाको नगवामा कृषि थोक बजार स्थल निर्माण गर्न लागिएको हो। निर्देशनलायले 'बजार पूर्वाधार विकास कार्यक्रम' अर्न्तगत वीरगञ्जसँगै हेटौंडा र पोखरामा पनि कृषि थोक बजारका लागि गुरू योजना तयार गर्दैछ। व्यवस्थित बजार नभएका कारण किसान व्यापारीले दुःख भोग्दै आएको गुनासो आएपछि यी क्षेत्रमा आधुनिक बजार निर्माण गर्न लागिएको हो। गुरूयोजना निर्माणको जिम्मा माउन्डिजिटल टेक्नोलोजी प्रा.लि.ले पाएको छ। वीरगञ्जमा जग्गाको स्थलगत निरीक्षण गर्नुको साथै सरोकारवालासँग एक चरणको छलफल समेत सम्पन्न भएको कम्पनीले जनाएको छ। गुरूयोजना तयार गर्नका लागि निर्देशनलायले ४ लाख बजेट विनियोजन गरेको छ।

### बाख्रापालन तालिम सम्पन्न

कपिलवस्तु। शुद्धोधन गाउँपालिकाको आयोजनामा लवनीमा तीनदिने बाख्रापालन तालिम सम्पन्न भएको छ। गाउँपालिकाअन्तर्गत वडामा बाख्रापालन गरेका किसानहरूलाई थप व्यवसायिक बनाउनका लागि उक्त तालिम आयोजना गरिएको थियो। तालिममा ६ वटा वडाका २५ बढी किसानहरूको सहभागिता रहेको छ। तालिममा खोर निर्माण, दाना तथा घाँस उत्पादन, प्रजनन, रोग किरा लगायतका बारेमा जानकारी गराइएको छ। उक्त तालिमको सहजीकरण शाखा प्रमुख नेत्र अधिकारी, प्राविधिक मोहम्मद रफिकलगायतले गरेका छन्। त्यस्तै, पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई दोश्रो चरण शुद्धोधन गाउँपालिकाको आयोजनामा ४ दिने सरसफाई सम्बन्धी तालिम सम्पन्न भएको छ।

### महिला हिंसा हुन दिँदैनौं : उपमेयर खातुन

कलैया। कलैया उपमहानगरपालिकाकि उपमेयर रहिमा खातुनले महिलाहरूमाथि कुनैपनि प्रकारको हिंसा हुन नदिने बताएकी छन्। महिलामाथि हिंसा गर्ने विरूद्ध कलैया उपमहानगरपालिकाको न्यायिक समितिले कडाभन्दा कडा कारबाही गर्ने समेत उनले बताइन्। सिटि डेभेलोप्मेन्ट सोसाईटी कलैयाको आयोजना तथा कलैया उपमहानगरपालिकाको वडा नरम्बर ४ को सहयोगमा शुक्रबार आयोजित महिला हिंसा विरूद्ध सचेतना कार्यक्रममा बोल्दै उपमेयर खातुनले अबका दिनमा महिलाहरू आफूमाथि भएको हिंसा नलुकाई कानूनी प्रक्रियामा अघि बढ्न आग्रह पनि गरिन्। कार्यक्रममा बोल्दै वडा नम्बर ४ का वडा अध्यक्ष जटाशंकर सहनीले वडाभित्र कुनै प्रकारको महिला हिंसाको घटना भए निर्धक्क रूपमा वडा कार्यालयलाई जानकारी गराउन आग्रह गरे। हिंसापीडित महिलालाई वडा कार्यालयले कानूनी सहयोग उपलब्ध गराउने समेत उनले बताए। वडा सदस्य शम्भु गुप्ताले चर्पि नहुँदा पनि महिला हिंसाका घटना घट्ने गरेका कारण सबैले चर्पि बनाउनुपर्नेमा जोड दिए।


द्का निर्णय लिपीबद्ध नहुंदै मिडीयामा चिर्कटो नाका भरमा बाचन गर्ने सायद नेपालमा मात्र हो । ब्यवस्थित कीकरणको आफ्नो प्रयास सधैं असफल भयो । निर्णय मजबुन मपको वेभसाइटमा राखने कामलाई भने अपवादलाई छोडेर नियमित गरियो । यो चिर्कटे प्रथा बन्द गरे हुने थियो । **लिलामणी पौडेल**


हिजो उपेन्द्र यादव जीले एमाले मुक्त मधेश बनाउन खोज्दा राजबिराजमा ५ जनालाई बलिवेदीमा चढाईयो । आज उपेन्द्रजीले जनकपुरमा एमाले-माओवादीको समर्थनबाट मधेशी सरकारलाई विश्वास प्राप्त बनाई सिंहदरबारमा सत्तारोहणको बाटो खोल्नु भयो । **जेपी गुप्ता**


नवनियुक्त अर्थमन्त्री खतिवडाको 'आर्थिक अनुशासन' र प्रम ओलीको 'पपुलिज्म' वीच गहिरो खाडल छ । हेरौं, यी दुइ सोचमध्ये सरकारका नितिमा कुन सोच हावी हुनेछ । अहिलेलाई देशले पत्याएका अर्थशास्त्री अर्थमन्त्री भएकोमा बधाई । **डम्बर खतिवडा**


राजपालाई जनकपुरतिरै अलपत्र छाडेर उपेन्द्र यादवको सिंहदरवार यात्रा तय, फेस सेभिङका लागि आवश्यकता र औचित्यका आधारम संविधान संशोधन गर्ने भन्ने परम्परागत लिखतमा केपी ओलीले हस्ताक्षर गर्ने, त्यसपछि यादवजी एक राज्यमन्त्री सहित दुई तिहाई बहुमतको वामपन्थी सरकारमा मन्त्री बन्ने । **मात्रिका पौडेल**


संघीयता कार्यान्वयनमा आइसक्दा पनि काठमाडौंको 'सुपर पावर' उस्तै छ । प्रदेश सरकारहरू कामविहीन हुँदा प्रदेश राजधानीहरूमा पनि कुनै रौनक छैन, न आर्थिक गतिविधि नै बढ्न सकेको छ । यसरी त संघीयताको उद्देश्य पूरा होला र ? **आनन्दराज बतास**


सबैको कानुन कि नस्लबादिहरूको मात्र कानुन ? सर्वोच्च अदालतले पक्राउ आदेश दिएको माननीय नवराज शिलवाल प्रधानमन्त्री केपी ओलिकै सुरक्षा घेरामा सुरक्षित छन्ण अर्को सर्वोच्च अदालतले बिना सबुतको पक्राउ आदेश दिएको माननीय रेशम चौधरी कानुनको सम्मान गर्दै अदालतमा उपस्थित हुँदा जेल चलान भएका छन् । **सीताराम थारू**


असल मान्छेका निम्ति मात्रिका यादव असल मान्छे नै हुन् । खराब मान्छेका लागी त मात्रिका यादव महाखराब मान्छे हुन् । त्यसैले जो-जो खराब छन् ऊनीहरू मात्रिका यादवसँग छाता देख्या बहर गोरूजसरी बिच्किन्छन् । रञ्जित तामाङ


बाम गठबन्धन र मधेशी दल बिचको तालमालले कांग्रेसलाई अझै कमजोर बनाउने छ । तर, कांग्रेस सभापति देउवालाई भने संगठन बलियो बनाउने भन्दा पनि अब कुन चाल चले फेरी प्रम हुन पाईने होला भन्ने चिन्ता छ । **मनिष झा**

## रंगलाई राजनीतिक...

उल्लेख गरेका छन् कि होलिकोत्सव मात्र हिन्दूको नभइ अपितु मुसलमानले पनि मनाउने गरेका छन् । यसको सबैभन्दा प्रामाणिक तस्वीर भारतको मुगलकालीन इतिहासमा पाइन्छ । यस कालमा होलीको कथाहरू जिज्ञासा जागृत गर्ने खालको थियो । यी तस्वीहरूमा मुगलकालीन राजा अकबरलाई जोधाबाईसँग तथा जहाँगीर र नूरजहाँबीच होली खेल्दै गरेको देखाइएको छ । भारतीय इतिहासमा यस्तो पनि वर्णन पाइन्छ कि शाहजहाँको समयमा होलीलाई 'ईद-ए-गुलाबी वा आब-ए-पाशी' (रंगहरू को फोहरा) पनि भनिन्थ्यो ।

होलीले हिन्दू र मुस्लिम समुदायलाई जोडेको इतिहासमा वर्णित घटनाले यस पर्वको महत्तालाई थप उजागर गरेको छ र यसले हिन्दू-मुस्लिमबीचको दूरीलाई घटाउन मद्दत पुऱ्याएको छ । वर्तमान परिपेक्ष्यमा होलीले दिने सद्भावको सन्देश हामीले इतिहासबाट पनि लिनु वाञ्छिनीय छ ।

होली पर्वको पृष्ठभूमी अनेक धार्मिक मान्यता, मिथक, परम्परा र ऐतिहासिक घटनाहरू लुके पनि अन्ततः यस पर्वको उद्देश्य मानव-कल्याण नै हो । लोकसंगीत, नृत्य, नाट्य, लोककथा, कथा र यहाँसम्म कि लोकोक्तिहरूमा पनि होली पर्वको पृष्ठभूमीमा रहेको संस्कार, मान्यता व रोचक कथनको झलक पाइन्छ । त्यसैले होलीलाई आपसी प्रेम एवम् एकताको प्रतीकको पर्व मानिएको छ । होलीले हामीलाई सबै मतभेदलाई बिर्सेर एक अर्कोसँग अंकमाल हुने प्रेरणा प्रदान गर्छ ।

यद्यपी यसका साथै यो रंगको पनि पर्व भएकाले हामीलाई प्रसन्न रहने प्रेरणा पनि प्रदान गर्छ । यसैले यो पवित्र पर्वको अवसरमा हामीले समस्त प्रकारको ईर्ष्या, द्वेष, कलह जस्ता खराब प्रवृतिलाई त्याग गर्नुपर्दछ ।

निःसन्देह होली आपसी रिस, राग र द्वेषलाई समाप्त पार्दै एक अर्कोसँग अंकमाल गरी विभिन्न रंग अविर लगाई सद्भावको साटासाट गरि मनाइने समाजिक सद्भावको पर्व हो । यसले सबै प्रकारको राजनीतिक आवरण र तुषलाई समाप्त पार्ने प्रयास गर्छ । होली मात्र होइन, कुनै पनि चाडपर्वले सामाजिक सद्भाव एवम् सांस्कृतिक सामीप्यता वृद्धि गर्छ र मानिसहरूलाई समान धरातलमा ल्याउँछ ।

# मुख्यमन्त्री राउत सफाई अभियानमा

जनकपुरधाम । प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउत जनकपुरमा सफाई अभियानको सुरूवात गरेका छन् । 'जनकपुर सरसफाई महाअभियान'मा सरसफाइ अभियन्तासँगै मुख्यमन्त्री राउत पनि सहभागी भएका हुन् । स्वस्थ्यकालागि सरसफाई अपरिहार्य रहेको बताउँदै मुख्यमन्त्री राउतले सरसफाईमा असहयोग गर्नेलाई कानुनी कारवाही गरिने चेतावनी दिए । सरसफाइ अभियानमा सहभागी भएका उनले सरसफाइमा सहयोग गर्न पनि सबैलाई आग्रह गरे ।



अभियानका क्रममा उनी कुचो लिएर आफै सडकमा उत्रिएका थिए । स्वच्छ जनकपुर अभियान अन्तरगत आजबाट सरसफाई अभियान थालिएको हो । जनकपुर उप-महानगरपालिका, जनकपुर उद्योग वाणिज्य संघ र प्रहरी कार्यालय, नागरिक समाजको सहयोगमा नीजि विद्यालयको छाता संगठन प्याब्सन, एन प्याब्सन, मधेस प्याब्सन र असहाय संरक्षण मञ्चल जनकपुर सरसफाई अभियान चलाएको हो । जनकपुरलाई सफा र सुन्दर बनाउन अभियानलाई निरन्तरता दिइने आयोजकहरूले प्रतिबद्धता जनाएका छन् ।

## एम्बुलेन्स अभाव

महोत्तरी । महोत्तरी जिल्लाको बर्दिवास क्षेत्रका सर्वसाधारण आकस्मिक उपचार सेवाका लागि एम्बुलेन्स सुविधा नपाउँदा मर्कामा परेका छन् । एक वर्षदेखि बिग्रेर थन्किएका बर्दिवासको सरकारी अस्पताल (बर्दिवास अस्पताल) का दुवै एम्बुलेन्स मर्मत गरेर सञ्चालनमा नल्याउँदा यस क्षेत्रका सर्वसाधारणले आकस्मिक उपचार सेवा लिन पाएका छैनन् । । अस्पतालले एम्बुलेन्स मर्मतसम्भार गरेर सञ्चालन गर्न तत्परता नदेखाउँदा यस भेगका विपन्न मान्छे चर्को मूल्यमा निजी एम्बुलेन्स लिएर अस्पताल पुग्न बाध्य हुनुपरेको सर्वसाधारणको गुनासो छ । बर्दिवास अस्पताललाई भारत सरकारले उपलब्ध गराएको ज १ झ ३६० नं को एम्बुलेन्स गत वर्षको बाढीले बगाउँदा बिग्रेर थन्किएको करीब सात महिना भइसकेको छ । त्यसैगरी बिरामीको सुविधाका लागि पाकिस्तान सरकारले उपलब्ध गराएको अर्को ना १ झ ९४८ नं को एम्बुलेन्स बिग्रेर थन्किएको एक वर्ष भइसक्दा पनि यसको मर्मतसम्भारमा कसैले वास्ता नदेखाएको सेवाग्राहीको गुनासो छ ।

## विसर्जनवादको...

संघीय समाजवादी फोरमसँग सहकार्य एमालेलाई यसकाणले सहज कि उपेन्द्र यादव स्वयं वामपन्थी पृष्ठभूमिका व्यक्ति हुन् ।

**राजपाको आक्रोश**

प्रदेश २ मा फोरमसँग सरकारमा रहेको राजपा पनि ओली नेतृत्वको सरकारमा जान इच्छुक रहेको भन्ने कुरा पार्टीका नेताहरूको अभिव्यक्तिबाटै थाहा हुन्छ । फोरम र एमालेबीच बाक्लिएको सम्बन्ध उसलाई मन परेको छैन ।

राजपाका एक नेताले आफ्नो पार्टीसंग गठबन्धनको सरकार निर्माणका विषयलाई लिएर कुनै छलफल नै नगरेको गुनासो व्यक्त गरे । यद्यपी राजपाले सरकारमा सहभागिताका लागि मूल मुद्दा संविधान संशोधन रहेको बताए पनि एमाले नेतृत्वको सरकारबाट कसरी अपेक्षा गरेको भन्ने विषयमा मौन छ । उसको यो मौनता नै सम्झौता गरेर सरकारमा जानु रहेको भन्ने अर्थ लाग्छ ।

संविधान संशोधनको अवस्था जहाँको त्यहिँ छ र अहिलेसम्म एमालेले कुन रूपमा प्रस्तुत हुने स्पष्ट जबाव दिएको छैन तर मधेशका यी दुई दल, जो संविधान संशोधनका लागि ठूलो संघर्ष गरे, अहिले सत्ताको लोभमा विगतको प्रतिवद्धतालाई बिर्सेर जनताको अपेक्षा विपरीत जान खोजिरहेको आरोप लाग्न थालेका छन् ।

वाम गठबन्धन संविधान संशोधनमा तयार भए सरकारमा जान कुनै समस्या नरहेको बताइरहेका मधेशी नेताहरूमा सत्ताको उन्माद देखिएको छ ।

# आर्थिक समाचार

## ग्लोबल आइएमईको शाखारहित बैंकिङ्ग सेवा

काठमाडौं । ग्लोबल आइएमई बैंकले तनहूँ जिल्लाको भानु नगरपालिका वडा नं. १०, कालीमाटीमा आफ्नो ७१ औं र लम्जुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. ३, सोतीपसलमा ७२ औं शाखारहित बैकिङ्ग सेवा सुरू गरेको छ । तनहूँ जिल्लाको कालीमाटीमा खोलिएको शाखारहित बैंकिङ्ग सेवाको उद्घाटन भानु नरपालिकाका मेयर उदय राज गौलीले गरे । स्थानिय उपेन्द्र बाबु तिवारीलाई त्यस शाखारहित बैंकिङ्ग सेवाको व्यवसायीक प्रतिनिधि नियुक्त गरिएको छ । त्यसका साथै लम्जुङ्ग जिल्लाको सोतीपसलमा खोलिएको सेवाको उद्घाटन मध्यनेपाल नगरपालिकाका मेयर रमेश कुमार पाण्डेले गर्नुभयो र स्थानिय उपेन्द्र बाबु तिवारीलाई त्यस शाखारहित बैंकिङ्ग सेवाको व्यवसायीक प्रतिनिधि नियुक्त गरिएको छ ।

## नेपाल लाइफको लाभांश घोषणा

काठमाडौं । नेपाल लाईफ इन्स्योरेन्सले गत आर्थिक वर्षको मुनाफाबाट लगानीकर्तालाई लाभांश दिने प्रस्ताव गरेको छ । कम्पनीको आइतबार बसेको संचालक समितिको बैठकले ४२ प्रतिशत बोनस शेयर दिने प्रस्ताव गरेको हो । कम्पनीले चुक्ता पूँजीको ४२ प्रतिशतले हुन आउने १ अर्ब ३० करोड ५ लाख २२ रूपैयाँको बोनस शेयर र प्रतिकित्ता २८ रूपैयाँ ५३ पैसाका दरले ८८ करोड ३२ लाख ९७ हजार ७ रूपैयाँ नगद लाभांश (करसहित) प्रस्ताव गरेको हो ।











## खानेपानी गुणस्तर कार्यक्रम प्राथमिकतामा

काठमाडौं । तराई क्षेत्रमा शुद्ध खानेपानी उपलव्ध गराउने उद्देश्यले सरकारले तराई मधेश खानेपानी गुणस्तर सुधार कार्यक्रमलाई प्राथमिकता दिएको छ । खानेपानी तथा ढल निकास विभागले तराईका २२ जिल्लालाई लक्षित गरेर उक्त कार्यक्रमलाई प्राथमिकता दिएको हो । विभागका सूचना अधिकारी शेखर केसीले यो आर्थिक वर्षमा तराई मधेश खानेपानी सम्बन्धमा ८६ योजनाको सर्वेक्षण भइरहेको जानकारी दिए । यस्तै, विभागले कुनैकुनै स्थानमा बोलपत्र आह्वान गरी बोरिङ खन्ने काम र वरपर पर्खाल लगाउने काम भइरहेको केसीले बताउनुभयो । सरकारले तराई मधेश खानेपानीका लागि एक अर्ब ४९ करोड ६९ लाख रूपैयाँ रकम विनियोजन गरेको छ ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं